लेखापरीक्षण प्रतिवेदन

सखुवा प्रसौनी गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

सखुवा प्रसौनी गाउँपालिका, पर्सा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय

Office of the Auditor General

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश

काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-३०

च.न :APPROVED/FAR/2081-82/LOC/308

श्रीमान अध्यक्षज्यू,

सखुवा प्रसौनी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय, पर्सा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(तारा प्रसाद पाण्डे)

नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/308

मिति : २०८३-१-३०

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान अध्यक्षज्यू,

सखुवा प्रसौनी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय

पर्सा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्नेमा यस पालिकाले तयार गरेको वित्तीय विवरणमा अन्तरसरकारी अख्तियारी, आन्तरिक आय, विविध कोष लगायतका कारोबार समावेश गरेको छैन।

२.२. गाउँपालिकाको आय र व्यय तर्फ रु. १ अर्ब १६ करोड ११ लाख ६१ हजारको लेखापरीक्षणबाट रु. ४ करोड ५ लाख ४ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त नभएकोलेअसुल गर्नुपर्ने रु १० लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु. ७६ लाख ५ हजारर पेश्की बाँकी रु. १ करोड ३९ लाख ७० हजार गरी जम्मा रु. ४ करोड ५ लाख ४ हजार बाँकी रहेको छ। गत वर्षसम्म कायम बेरुजू रु. ३८ करोड ५९ लाख ७० हजार मध्ये रु. १ लाख ६० हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्म अद्यावधिक बेरुजू रु.४२ करोड ६३ लाख १४ हजार बाँकी रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँकार्यपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
९४	१०३	४,०५,०४,६२३	०	०	०	०	९४	१०३	४,०५,०४,६२३	१०,१६,०५२	७६,०५,२२८	१,७९,१३,१६७	०	०	२,५५,१८,३९५	१,३९,७०,१७६

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पर्सा	३८,५९,७०,००६	०	१,६०,०००	३८५८१०००६	०	४,०५,०४,६२३	४२६३१४६२९

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०७७/७८		सम्परीक्षणबाट कायम भएको बेरुजु देहाय बमोजिम छनः	१,६०,०००
जम्मा				१,६०,०००

सखुवा प्रसौनी गाउँपालिका, पर्सा

(८०२२२५१०३००)

सखुवा प्रसौनी गाउँपालिका , पर्सा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ६ वडा रहेको छ भने क्षेत्रफल ७४.२७ वर्ग किलोमिटर तथा ३२४४८ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।१०।११ देखि २०८२।१०।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- यो वर्ष २०८१।८२ मा पालिकाको आय र व्यय समर्त गरी जम्मा रु. १ अर्ब १६ करोड ११ लाख ६१ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. ४ हजार ८३६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

मिति	बैंक	रा.शि.नं.	संचित कोष	बापत	रकम
२०८२।१०।६	ने. बैं. लि.	१५१११	संघीय	सामी कार्यक्रमको पे.फ.को कर कट्टी दाखिला	४८३६
				जम्मा	**४८३६**

२ **एकीकृत आर्थिक विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६ (२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत आय-व्यय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः

प्राप्ति			भुक्तानी		
विवरण	रकम	रकम	विवरण	रकम	रकम
सुरु मौज्दात		३४९००५९४	चालु खर्च		३०६८४७०८६
१. संचित कोष	२७९५३९०४	0	१. पालिका तर्फ	१४२०१०७४८	0
२.धरौटी	६९४६६९०	0	२. संघीय सशर्त	१६४८३६३३८	0
३.कार्यसञ्चालन कोष (कर्मचारी कल्याण कोष)	0	0	३. संघीय विशेष	०	0
४. अन्य कोष	0	0	४. प्रदेश सशर्त	०	0
यस वर्षको आय		0	५. प्रदेश विशेष	०	0
१.आन्तरिक आय	३८५७५८३	३८५७५८३	पुँजीगत खर्च		१३३७६८४४२
२. वित्तीय हस्तान्तरण (संघ)		४१२६३०३६२	१. पालिका तर्फ	९५८०३७५२	०
क) समानीकरण अनुदान	१०१७६१८४०	०	२. संघीय सशर्त	१६५०००००	०
ख) राजस्व बाँडफाँट	९०२२६५२२	०	३. संघीय विशेष	०	०
ग) सशर्त अनुदान	२०७१४२०००	0	४. संघीय समपुरक	१३४६८१५३	०
घ) समपुरक अनुदान	१३५०००००	0	५. प्रदेश सशर्त	७९९६५३७	०
ङ) विशेष अनुदान	०	0	६. प्रदेश विशेष	०	०
च) रोयल्टी	०	0	७. प्रदेश समपुरक	०	०
छ) अन्य	0	0	अन्तर सरकारी अख्तियारी (संघ)		११८७९४१६४
३. वित्तीय हस्तान्तरण (प्रदेश)		२१७३०९३२	क) सामाजिक सुरक्षा तथा संरक्षण	११४२६९४१६	०
क) समानीकरण अनुदान	८००१०००	0	ख) स्थनीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	०	०
ख) राजस्व बाँडफाँट	५७२९९३२	0	ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (दिर्घ रोगी जस्तै कैन्सर मिर्गौला पक्षघात आदि)	३१५०००	०
ग) सशर्त अनुदान	८००००००	0	घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	०	०
घ) समपुरक अनुदान	0	0	ङ) बाल श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम)	०	०
ङ) विशेष अनुदान	0	0	च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७२९४४७	०
4. राजश्व बाँडफाँट- स्थानीय		५६७९४६५	छ) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (Wash सहितको शौचालय)	४८०३०१	०
(क) घर जग्गा रजिष्ट्रेशन (मालपोत)	५६७९४६५	0	अन्तर सरकारी अख्तियारी (प्रदेश)		०
(ख) दहतर बहतर शुल्क	0	0	ऋण फिर्ता (साँवा)		०
5. अन्तर सरकारी अख्तियारी (संघ)		११८७९४१६४	ऋणको ब्याज भुक्तानी		०
क) सामाजिक सुरक्षा तथा संरक्षण	११४२६९४१६	0	धरौटी फिर्ता तथा सदर स्याहा	३१८८८४४	३१८८८४४
ख) स्थनीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम	0	0	कार्यसञ्चालन कोषबाट भएको खर्च क. सडक बोर्ड		०

ग) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम (दीर्घ रोगी जस्तै कैन्सर मिर्गौला पक्षघात आदि)	३१५०००	0	कार्यसञ्चालन कोषबाट भएको खर्च ख. कर्मचारी कल्याण कोष		०
घ) एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम	0	0	अन्य कोषबाट भएको खर्च		०
ङ) बाल श्रम तथा सामाजिक सुरक्षा मन्त्रालय (बाल श्रम)	0	0	गैरसरकारी संस्थाबाट सञ्चालित योजना		०
च) स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम	३७२९४४७	0	अन्य सहयोगमा सञ्चालित योजना		०
छ) राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम (Wash सहितको शौचालय)	४८०३०१	0			०
6. अन्तर सरकारी अख्तियारी (प्रदेश)		0	अनुदान फिर्ता		२५८४०९७२
7. ऋण/ वित्तीय व्यवस्था		0	१. संघ तर्फ		०
8. धरौटी आय	२५२७५१५	२५२७५१५	क) सशर्त अनुदान	२५८०५६६२	०
9. कार्यसञ्चालन कोष आय		0	ख) विशेष अनुदान	०	०
10. अन्य कोषको आय		0	ग) समपुरक अनुदान	३१८४७	०
क. (सडक बोर्ड)		0			०
ख. कर्मचारी कल्याण कोष		0			०
११. गैरसरकारी संस्थाबाट सञ्चालित योजना		0	२. प्रदेश तर्फ		०
१२. अन्य सहयोगमा प्राप्त सञ्चालित योजना		0	क) सशर्त अनुदान	३४६३	०
१३. अन्यआय भएमा		0	ख) विशेष अनुदान	०	०
विविध खर्च खाता		0	ग) समपुरक अनुदान	०	०
साट्न बाकी चेक	४७५३४६१	४७५३४६१	अन्तिम मौज्दात		१९१८२५४०
आ.ब. २०८०।०८१ को बिग्रेको हिसाब मिलानको लागि सञ्चित कोष तथा आन्तरिक राजश्व खातामा आ.ब.२०८१।०८२ मा आम्दानी देखाईएकोले फरक परेको रकम	२७४७९७१	२७४७९७१	१. संचित कोषको मौज्दात	१२५७४४५२	०
		0	२. धरौटी	६२८५३२१	०
		0	३. कार्यसञ्चालनकोष (कर्मचारी कल्याण कोष)	०	०
		0	४. विविध खर्च खाता	३२२७६७	०
जम्मा	६०७६२२०४८	६०७६२२०४८	जम्मा	६०७६२२०४८	६०७६२२०४८

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **फरक हिसाव**

स्थानीय संञ्चित कोषः स्थानीय सञ्चित कोष सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

स्थानीय तहको एकीकृत वित्तीय विवरणले सो पालिकाको सम्पूर्ण आय र व्ययको यथार्थ चित्रण गर्ने गरी कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुने निकासा लगायतका सम्पूर्ण आय व्यय समावेश नगरेकोले देहाय अनुसार सुत्र र एकीकृत विवरणमा फरक परेको छ ।

विवरण	म.ले.प.फा.नं. २७०	एकीकृत आय व्यय विवरण	फरक
गत वर्षको अल्या	२९३२००६६.४६	३४९००५९४.००	५५८०५२७.५४
यस वर्षको आम्दानी	४१८०५७३७०.६९	५७२७२१४५४.००	१५४६६४०८३.३१
यस वर्षको खर्च रकम	४४०६१५५२७.७५	५८८४३९५०८.००	१४७८२३९८०.२५
बाँकी मौज्दात	६१००५४०.४	१९१८२५४०.००	१३०८१९९९.६०

स्थानीय तहले प्रयोगमा ल्याएको लेखा प्रणाली सुत्रबाट सृजना भएको म.ले.प.फा.नं. २७० ले पालिकाको यथार्थ आय व्ययको प्रतिनिधित्व गरेको देखिएन । सबै आय व्ययलाई सुत्रको माध्यमबाट एकीकृत गर्नु पर्दछ ।

वित्तीय विवरणको यथार्थताः पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोवार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाइन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षाको २१ करोड ४२ लाख ६९ हजार खर्च सुत्रमा यथार्थ लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोवार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

४ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल वमोजिम रहेका छनः

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा चालु खर्च खातामा रु.१३५८३३८.००।- र पुँजीगत खर्च खातामा रु.६२१०११२.००।- समेत गरी रु. ७५६८४५०.०० मौज्दात रहेकोमा २०८२ साल कार्त्तिक महिना २० गते संचित कोषमा ट्रान्सफर गरेकोले सोही आर्थिक वर्षक भित्र रकम ट्रान्सफर नगरेको,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार नगरेको,
- विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रित भई वितरणमुखी खर्च गरेको,
- पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको,
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजसिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ। कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित नराखेको,
- जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा नगरेको,
- पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,

- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना नभएको,
- वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ५० जनाको दरबन्दी रहेकोमा २९ जना मात्र पदपूर्ति भएको विवरण पेश भएको छ। रिक्त पद पूर्तिको लागि लोकसेवा आयोगमा माग गरी पठाएको,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वियन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय नगरेको,
- निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागु नगरेको,
- पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकीन गरी अध्यावधिक नगरेको,
- पालिकाले चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार गर्नुपर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वियन नभएको,

  तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

५ नीति तथा मार्गदर्शन

पालिकाको आ.व. २०८१।८२ को नीति तथा मार्गदर्शन २०८१ असार १० गते गाउँसभामा प्रस्तुत गरिएकोमा उक्त नीति तथा मार्गदर्शनमा प्रस्तुत भएका विषयवस्तुहरू मध्ये कतिपय व्यहोराहरू यस आर्थिक वर्षमा कार्यान्वियन गरेको पाइएन । गाउँसभामा प्रस्तुत नीति तथा मार्ग दर्शनमा उल्लेखित व्यहोराहरूको कार्यान्वियनको लागि पालिकाले आवश्यक पहल गर्नु पर्ने देखिन्छ । नीति तथा मार्गदर्शनमा उल्लेख भएका व्यहोराहरू कार्यान्वियन नभएका उदाहरण देहाय अनुसार छन्ः

- गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा अंग्रेजी माध्यमबाट कक्षा संचालन कार्य शुरु गर्ने
- फलफुल खेती गर्ने किसानलाई आवश्यक प्रोत्साहन गर्ने,
- कृषि विमालई प्रवर्धन तथा प्रभाबकारी तरिकाले कार्यान्वियन गर्दै विमालई उत्पादन तथा उत्पादकत्वसँग आवद्ध गर्ने,
- अन्य सरकारको सहकार्यमा यस पालिका भित्र कम्तिमा एक वटा शीतगृह, कृषि भण्डारण र वितरण केन्द्र स्थापना गरी किसानको उत्पादनलाई बजारीकरण गर्ने,
- यस पालिकामा रहेको जमुनिया खोलाको सिमांकन कार्य सम्पन्न गर्ने,
- यस पालिका भित्र रहेको सम्पूर्ण उद्योग व्यवसायलाई दर्ता गराई नियमन गर्न आवश्यक व्यवस्था मिलाउने,
- जलवायु परिवर्तनलाई ध्यान दिई वृक्षारोपनसंगै पालिका भित्र फलफुलको नर्सरी स्थापना गरी विरुवा वितरण गर्ने व्यवस्था गर्ने,
- सखुवा प्रसौनी गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्यलाई विशेष प्राथमिकतामा राखी प्रशासकीय भवन निर्माणको लागि आवश्यक व्यवस्था मिलाउने,
- न्यायिक समितिलाई व्यवस्थित तथा भरपर्दो बनाउन इजलास तथा ड्रेसको आवश्यक व्यवस्था गर्ने,
- सार्वजनिक जग्गा पोखरीको अभिलेख राखी त्यसको संरक्षण गर्ने,

  नीति तथा मार्ग दर्शनको कार्यान्वियन हुनु पर्दछ ।

६ बजेट पेश,पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। पालिकाका उपाध्यक्षले मिति २०८१।०३।१० गते रू. ५० करोड ६ लाख ११ हजारको बजेट सभा समक्ष पेश गरेकोमा २०८१।३।३१ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०८१।०४।०४ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनुपर्दछ ।

७ बजेट सीमा निर्धारण समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले बैशाख १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था छ। ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

८ खर्च विश्लेषण

पालिकाले यस वर्ष कुल आन्तरिक आयबाट रु. ३८ लाख ५७ हजार, गत वर्षको मौज्दात रू. ३ करोड ४९ लाख १ हजार राजस्व बाँडफाँटबाट रू. १० करोड १६ लाख ३६ हजार, अनुदानबाट रु. ३३ करोड ८४ लाख ५ हजार, अन्तर सरकारी अख्तियारीबाट रू. ११ करोड ८७ लाख ९४ हजार, विविध आय रू. १ करोड २९ हजार समेत रू. ६० करोड ७६ लाख २२ हजार आम्दानी भएकोमा चालु तर्फ रु. ३० करोड ६८ लाख ४७ हजार र पुँजीगत तर्फ रु. १३ करोड ३७ लाख ६८ हजार समेत रु. ४४ करोड ६ लाख १५ हजार खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको मात्र हिस्सा ०.८७ प्रतिशत रहेको छ। छ। यस वर्ष पदाधिकारी सुविधामा रू. ९२ लाख ५० हजार खर्च भएको छ जुन आन्तरिक आयको २३९.८ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँटको रकमबाट ६९.६४ प्रतिशत चालु र ३०.३६ प्रतिशतमात्र पुँजीगत खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरूपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

९ बजेट तथा कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१० क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रूपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

(रकम रू. हजारमा)

क्र.स.	मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
१	आर्थिक विकास	११७०७	९८८२	२।३१
२	सामाजिक विकास	२६४८७१	२३२९४४	५४।५३
३	पूर्वाधार विकास	६७९९५	५३८८६	१२।६२
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	९६२६	८३१७	१।९५
५	कार्यालय सञ्चालन तथा प्रशासनिक	१३२९१२	१२२११७	२८।५९
	जम्मा	४८७१११	४२७१४७	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ५४.५३ प्रतिशत र सबै भन्दा घटी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा १.९५ प्रतिशत बजेट खर्च गरेको छ ।

११ योजना छनोट र कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनोट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ। सभाबाट स्वीकृत वार्षिक गाउँ विकास योजना २०८१।८२ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागतप्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन। पालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन्:

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
योजना संख्या	३२	३३	५७	२९	८	१५९
रकम	३०५०	५४००	२७३००	३२५००	३८१००	१०७४००

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रू. १ लाख देखि १० लाख माथिका समेत जम्मा १५९ वटा योजना सञ्चालन गरेकोमा रू. ५ लाख भन्दा मुनिका मात्र १२२ वटा योजनाहरू रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरू सञ्चालन गर्दा पालिकाको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।पालिकाले पेश गरेको विवरण अनुसार त्रैमासिक पूँजिगत खर्चमा जम्मा १३ करोड ३७ लाख ६८ हजार खर्च देखाएकोमा योजना छनौट र कार्यान्वयनमा १० करोड ७४ लाख ४० हजार खर्च देखिएको छ। पालिकाले पूँजिगत खर्चबाट चालु प्रकृतिको खर्च समेत गरेकोले पूँजिगत खर्च विवरणमा फरक परेको छ।

१२ त्रैमासिक पुँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरणअनुसार पुँजीगत खर्च वार्षिक रु. १३ करोड ३७ लाख ६८ हजार खर्च भएकोमा पहिलो त्रैमासिकमा रु. १ करोड ३२ लाख ५९ हजार अर्थात ९.९१, दोस्रो त्रैमासिकमा रु. ३ करोड ५६ लाख ९३ हजार अर्थात २६.७०, तेस्रो त्रैमासिकमा रु. २ करोड २५ हजार अर्थात १४.९६ प्रतिशत र चौथो त्रैमासिकमा रु. ६ करोड ४७ लाख ९० हजार अर्थात ४८.४३ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै असार महिनामा मात्र रु. ४ करोड ५९ लाख ५३ हजार अर्थात ३४.३५ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रूपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ । (रकम रू. हजारमा)

क्र.स.	बजेट उपशीर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	असार महिना
१	पुँजीगत खर्चतर्फ	१३३७६८	१३२५९	३५६९३	२००२५	६४७९०	४५९५३
	प्रतिशत	१००	९.९१	२६.७०	१४.९६	४८.४३	३४.३५

१३ बैक हिसाब

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक र स्रेस्ताबीच फरक रहेको विवरण पेश गरेको छ।

सि.नं.	खाताको नाम	श्रेस्ता अनुसार बाँकी	बैंक स्टेटमेण्ट अनुसार बाँकी	फरक
१	संचित कोष	-६८६९७१२.३२	३६२१३५१.१६	१०४९१०६३
२	विविध कोष खाता	0.00	३२२७६७.००	३२२७६७.००
३	आन्तरिक राजश्व खाता	०.००	९९०७७८.००	९९०७७८
४	पुँजीगत खाता	३५६६२२.००	६२१०११२.००	५८५३४९०.००
५	धरौटी खाता	६२८५३२१	६२८५३२१.००	०
६	चालू खाता	१००९१८.००	१३५८३३८.००	१२५७४२०
७	राजश्व बाँडफाँट	०.००	९९०७७८.००	९९०७७८.००
	जम्मा	**६१००५४०.४०**	**१९१८२५३९.९६**	**१९९०६२९६**

१४ अनुदान फिर्ता

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानीकरण बाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा संचित कोषमा ट्रान्सफर गर्नु पर्नेमा देहाय अनुसार संघीय अनुदान तर्फ रू. २५८३७५०९।- र प्रदेश अनुदान तर्फ रू. ३४६३।- बाँकी रहेको रकम २०८२ असार ३२ गते फिर्ता गरेको छ । फिर्ता गरेको रकम सुत्र प्रणालीमा अभिलेख हुनु पर्दछ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	सर्शत	२०७१४२०००	१८१३३६३३७.८५	२५८०५६६२.१५
	बिशेष	०	०	०
	समपुरक	१३५०००००	१३४६८१५३	३१८४७
	अन्य	०	0	०
प्रदेश सरकार	सशर्त	८००००००	७९९६५३७	३४६३
	बिशेष	०	0	०
	समपुरक	०	0	०
	अन्य	०	0	०
	जम्मा	**२२८६४२०००**	**२०२८०१०२७.८५**	**२५८४०९७२.१५**

१५ **कार्यक्रम/आयोजना/क्रियाकलापहरू कार्यान्वयन नभएको**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आगामी आर्थिक वर्षको राजस्व र व्यय (बजेट) को अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र सभामा पेश गर्नुपर्ने र सभाले कार्यपालिकाबाट पेश गरेको बजेट माथि छलफल गरी असार मसान्तभित्र पारित गरिसक्नुपर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ को लागि रु ५० करोड ६ लाख ११ हजारको बजेट पारित गरेको छ । बजेट विनियोजन भएका कुल ५१० वटा कार्यक्रम/आयोजना/क्रियाकलाप मध्ये यस वर्ष १११ वटा कार्यक्रम/आयोजना/क्रियाकलापहरू कार्यान्वयन गरेको पाइएन । कार्यान्वयन नभएका प्रमुख कार्यक्रम/आयोजना/क्रियाकलापहरू देहाय अनुसार छन् ।

सि.नं.	कार्यक्रम/ आयोजना/ क्रियाकलापको नाम	खर्च शीर्षक	स्रोत	विनियोजन
१	सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च	२२५१२	राजस्व बाँडफाँट - संघीय सरकार	१०००
२	STEM EDUCATION (खेल्दै सिक्दै कार्यक्रम)	२२५२२	आन्तरिक श्रोत	१०००
३	गोठ मर्मत कार्यक्रम	२२५२२	राजस्व बाँडफाँट — स्थानीय	५००
४	लखनपुरमा धर्मराज साहको घरदेखी बिरजाको घर हुदै राम तपस्याको घरसम्म सडक ढलान	३११५१	नेपाल सरकार - समानीकरण अनुदान	५००
५	गापा भरी खानेपानी तथा सिंचाई बोरिङ्ग जडान	३११५६	राजस्व बाँडफाँट — स्थानीय	५००
६	स्व. स्वास्थ्यकर्मी रैफुल मंसुरीको शालिक निर्माण	३११५९	मधेश प्रदेश - समानीकरण अनुदान	७००
७	प्रदेश सरकारबाट स्विकृत भई प्राप्त हुने समपुरक आयोजनाहरू	३११५९	मधेश प्रदेश - समपुरक अनुदान चालु	२०००
८	देउरवाना अस्मसान घाट निर्माण	३११५९	आन्तरिक श्रोत	१०००
९	सडक बोर्डबाट स्वीकृत भई प्राप्त हुने आयोजनाहरू	३११५९	सडक बोर्ड	१४००
१०	वडा नं. १ सिरही टोलमा उराव समुदायको लागि मन्दिर निर्माण	३११५९	राजस्व बाँडफाँट — स्थानीय	७००
११	मुखलाल यादवको घर देखि लिला यादवको घरसम्म माटो ग्रेभल नाला ढलान	३११५१	नेपाल सरकार - समानीकरण अनुदान	५००
१२	प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	२१११११	नेपाल सरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. - सोधभर्ना अनुदान (बैदेशिक)]	११००
१३	प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान	२१११११	नेपाल सरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)]	१५००
१४	रोजगारी सृजना (आई.डि.ए.) बृक्षारोपण	२२५२२	नेपाल सरकार - शसर्त अनुदान चालु [आई डि ए - सोधभर्ना हुने ऋण (बैदेशिक)]	७००
१५	तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान	२२५२२	नेपाल सरकार - शसर्त अनुदान चालु [एस.इ.एस.पी. - सोधभर्ना हुने ऋण (बैदेशिक)]	२८००
१६	प्रदेश सरकारबाट स्वीकृत भई प्राप्त हुने विशेष कार्यक्रमहरू	३११५६	मधेश प्रदेश - विषेश अनुदान चालु	३०००

१६ **बेरुजु लगत**

बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको छ। म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मका म. ले. प. फाराम मध्ये पालिकासँग सम्बन्धित म. ले. प. फाराम ८०१ बेरुजु लगत म. ले. प. फाराम ८०२ बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०५ सम्परीक्षण गोश्वारा अभिलेख फाराम राखेको पाइएन । यसमा सुधार हुनु पर्दछ।

१७ **म.ले.प. फारमहरूको प्रयोग**

साविकमा रहेका म.ले.प. फारमहरूको सट्टा नयाँ म.ले.प. नम्बरहरू २०७६ अनुसार म.ले.प.फा.नं. ९०१ देखि ९१० आन्तरिक नियन्त्रण प्रणालीसँग सम्बन्धित फारमहरू जस्तै आई.टि. तथा सफ्टवेयरसँग सम्बन्धित अभिलेख, परिवारको दैनिक भ्रमण भत्ता सम्बन्धी अभिलेख, सवारी साधन तथा मेशिन प्रयोगको लगबुक, रसिद नियन्त्रण खाता, भ्रमण प्रतिवेदन, कर्मचारी दस्तखत नमुना अभिलेख आदि म.ले.प. फारमहरू आंशिक रूपमा प्रयोग गरेको देखियो। पालिकाको कार्यसम्पादनमा मितव्ययिता तथा प्रभावकारीता

ल्याउन कामको प्रकृतिअनुसार फारमहरूको व्यवस्थित र पूर्ण प्रयोग गर्नुपर्ने देखिन्छ।

१८ आन्तरिक लेखापरीक्षण

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। साथै स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाँच एवम् आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था छ। तर पालिकाको आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन जसले गर्दा यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन। तसर्थ कानुनमा तोकिए बमोजिम पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१९ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. १३ करोड ३७ लाख ६८ हजार पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

२० सेवाप्रवाहको स्थिति

नेपालको संविधानको अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसारका सेवाहरू स्थानीय तहले नागरिकहरूलाई प्रदान गर्दछ। यस वर्ष पालिकाबाट जन्म दर्ता ९५७ वटा, मृत्यु दर्ता २५३ वटा, बसाइँसराइ ३९ वटा, विवाह दर्ता ४०५ वटा, सम्बन्ध विच्छेद दर्ता ४ वटा गरेको विवरण प्राप्त भएको छ । पालिकाले पेश गरेको विवरण अनुसार पूर्वाधार निर्माण तर्फ ग्राभेल सडक ९ कि.मि. र ४ कि.मि. कालोपत्रे सडक निर्माण गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन। सेवा प्रवाहमा वृद्धि गरी अभिलेखीकरण समेत गर्नु पर्दछ।

२१ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको आन्तरिक आय रू. ३८ लाख ५७ हजार रहेको तर पालिकाले यस वर्ष विविधतर्फ रु. ४९ लाख १३ हजार खर्च गरेको छ। आन्तरिक आयको तुलनामा विविध खर्च १२७.३७ प्रतिशत बढी हुन आउँछ। खर्चको औचित्य पुष्टि हुने प्रमाण संलग्न गरी मात्र भुक्तानी खर्च लेख्नुपर्दछ।

२२ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन। पालिकाको आन्तरिक आय रू. ३८ लाख ५७ हजार रहेको तर पालिकाले पेश गरेको विवरण अनुसार यस वर्ष ५ हजार देखि २ लाख सम्मा ४५ जनालाई रु. ५ लाख ४१ हजार आर्थिक सहायता र उत्सव महोत्सव, धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु. २५ लाख ४९ हजार खर्च गरेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नु पर्दछ।

२३ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ५२ नमूना कानूनहरू बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १२ वटा ऐन, नियमावली ४ वटा, १३ कार्यविधि, ५ वटा निर्देशिका,३ वटा नम्स समेत ३७ वटा कानून निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। पालिकाबाट पेश भएको विवरण अनुसार निर्माण भएका ३१ वटा कानून राजपत्रमा प्रकाशित गरेको छ। नियमानुसार स्थानीय तहले निर्माण गरेका कानूनहरू राजपत्रमा प्रकाशन गर्नुपर्दछ ।

२४ **न्यायिक समितिको कार्य सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्ष फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १४ र यो वर्ष दर्ता भएका १२ वटा मध्ये १६ फर्स्योट भई १० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्योट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२५ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ११३ जना कर्मचारीहरू करारमा राखि रु. ३,११,१९,४०३। खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको ९ पदमा ६४ जना करार नियुक्ति गरी वर्षभरीमा रु २,४७,४१,७८७।- भुक्तानी गरेको छ। पालिकाले कर्मचारी दरबन्दी सम्बन्धमा कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ।

२६ **सार्वजनिक सम्पत्तिको रेखदेख**

स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनु र अभिलेख राख्नु पर्दछ।

२७ **सम्पत्ति व्यवस्थापन र सुरक्षा**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा कार्यालय प्रमुखले लगत खडा गरी अभिलेख राखिएको सम्पति तथा जिन्सी मालसामानको अवस्थाको बारेमा वर्षमा एक पटक आफै वा मालसामान जिम्मा लिने कर्मचारी बाहेक अन्य कर्मचारीको नेतृत्वमा कम्तिमा तीन सदस्यीय समिति गठन गरी सो समितिबाट निरीक्षण गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा सम्पत्ति तथा जिन्सी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था रहेको छ। यस्तो प्रतिवेदनमा मर्मत सम्भार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको विवरण तयार पारी प्रतिवेदन गर्नुपर्दछ पालिकाले मर्मत संभार, संरक्षण तथा लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामानको छुट्टै विवरण संलग्न गरी प्रतिवेदन तयार गरेको छैन। यसमा सुधार हुनुपर्दछ।

२८ **खरिद कारवाही अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम (२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरूलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरूलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरू, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । पालिकाले खरिदसँग सम्बन्धित कागजातहरू नियम बमोजिम क्रमबद्ध नराखेको, ठेक्का मूल्याँकन सम्झौता र सो सम्बन्धी कागजात अन्तिम विल भुक्तानीको गोश्वारा भौचरसँग राख्ने गरेकोले लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरू प्राप्त हुन नसकी ठेक्का सम्बन्धी फाईल पूर्णत विश्लेशण गर्न सकिएन। अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरू सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

२९ **प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा प्रमुख प्रशासकीय अधिकृतले पालिकाको कोषबाट खर्च भएको रकमको चौमासिक प्रगति त्यस्तो अवधि समाप्त भएको पन्ध्र दिनभित्र कार्यपालिकाको बैठकमा पेश गर्नुपर्ने, आफ्नो आय र व्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्नुपर्ने, स्थानीय सञ्चित कोषमा भएको आय-व्ययको चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था बमोजिम प्रतिवेदन गरेको देखिएन। ऐनको व्यवस्थाको पालना हुनुपर्दछ।

३० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ। तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

३१ **कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ। उक्त कोषमा आफ्नो दरवन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाइपाई आएको मासिक तलवबाट १० प्रतिशत रकम कट्टा गरी सोको बराबरले हुने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकामा कार्यरत स्थानीय तहका कर्मचारीको तलवबाट रकम कट्टा गरी कल्याण कोषमा जम्मा गरेको छैन। साथै कोषको सञ्चालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन।

३२ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको

पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ।

३३ वार्षिक कार्यक्रम र प्रगति

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची २ बमेजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी तोकिएको निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले नियमानुसार प्रगति विवरण बनाई तोकिएको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन। पालिकाले लेखापरीक्षणमा वार्षिक कार्यक्रम र प्रगतिको विवरण पेश भएको छैन । प्रगति विवरण पेश नगरेकोले पालिकाबाट सम्पादन भएका कार्यक्रमहरूको प्रगतिको अवस्था विश्लेषण गर्न सक्ने अवस्था छैन। तोकिएको ढाँचामा कार्यक्रमगत प्रगति प्रतिवेदन तयार गरी लेखापरीक्षणमा पेश हुनु पर्दछ ।

३४ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार सहकारी संस्थाले प्रत्येक वर्ष कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८ (४), सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७७ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिनाको ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रका सहकारी संस्थाको नियमन र व्यवस्थापन गर्ने अधिकार स्थानीय सरकार संचालन ऐन, २०७४ ले गरेको छ। पालिका अन्तर्गत आर्थिक वर्ष २०८१।०८२ मा दर्ता भएका सहकारी संस्था २८ वटा रहेको मध्ये कुनै पनि समस्याग्रस्त नभएको भनि विवरण पेश गरे पनि पालिकाले सहकारी ऐन तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले तोकेको कार्यविधि पालना गरी सहकारीको नियमन गरी वित्तीय पारदर्शिता पालना गराउनुपर्नेमा सो गरेको देखिएन। अतः कानून कार्यविधिको पालना गरी पालिका भित्रका सहकारीको आवश्यक नियमन र व्यवस्थापन र अनुगमन मार्फत वित्तीय पारदर्शिता प्रवर्धन गर्नुपर्दछ ।

३५ खर्च सार्वजनीकरण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने, उपभोक्ता समिति वा लाभग्राही समुदाय आफूले प्रत्येक किस्तामा गरेको खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र उपभोक्ता समिति वा लाभग्राही समुदायले निर्माण कार्य सम्पन्न गरी सकेपछि सम्बन्धित सार्वजनिक निकायले खटाएको प्राविधिक कर्मचारीबाट त्यस्तो कामको जाँचपास गराई त्यस्तो निकायबाट प्राप्त रकम र जनसहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष उपभोक्ता समितिमार्फत योजनाको संरचना निर्माणको काम गराएकोमा उपभोक्ता समितिले गरेको सम्पूर्ण खर्चको बिल भरपाई, उपभोक्ता समितिको माइन्युट र खर्च सार्वजनिक गरेको प्रमाण पेश गरेको पाइएन। पालिकाले नियममा भएको व्यवस्था अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउनु पर्दछ।

३६ उपभोक्ता समिति दर्ता

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष ३८ उपभोक्ता समितिसँग सम्झौता गरी रु. ३ करोड ४ लाख ४९ हजार भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति ऐनको उक्त व्यवस्थाअनुसार दर्ता भएको पाइएन । त्यस्ता समितिहरू स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरूले आयव्ययको लेखापरीक्षण समेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।

३७ ठेक्का व्यवस्थापन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १६(७) अनुसार लागत अनुमान तयार गर्ने, ठेक्का सम्झौता गर्ने कार्य प्रथम त्रैमासिक भित्र गर्नुपर्ने व्यवस्था छ। पालिकाको यो वर्ष वोलपत्र तथा सिलवन्दी दरभाउ पत्रको माध्यमबाट प्रथम त्रैमासिकमा ७ वटा खरिद सम्झौता गरेको, दोस्रो त्रैमासिकमा २५ वटा तेस्रो त्रैमासिकमा २३ वटा र चौथो त्रैमासिकमा मात्र १६ सम्झौता गरेको छ। त्यसैगरी उपभोक्ता समिति प्रथम त्रैमासिकमा ५ वटा खरिद सम्झौता गरेको, दोस्रो त्रैमासिकमा ४ वटा तेस्रो त्रैमासिकमा १२ वटा र चौथो त्रैमासिकमा मात्र १७ सम्झौता गरेको छ। नियमावलीले गरेको व्यवस्था वमोजिम तोकिएको समयावधि भित्र खरिद वन्दोवस्त नगरी चौथो त्रैमासिकमा समेत खरिद सम्झौता गरी प्रगति शतप्रतिशत देखाउने गरेको छ। स्वीकृत कार्यक्रम अनुसार सम्पूर्ण कार्य गर्नु पर्नेमा सो वमोजिम गरेको पाइएन। नियमको पालना हुनु पर्दछ।

विवरण	ठेक्का संख्या					**कुल सम्झौता संख्या**
	प्रथमत्रैमासिक	**दोस्रो त्रैमासिक**	**तेश्रो त्रैमासिक**	**चौथोत्रैमासिक**	**असार महिना**	
ठेक्का तर्फ/कोटेशन	७	२५	२३	१६	४	७५
उपभोक्ता समिति तर्फ	५	४	१२	१७	१	३८
अमानत	३	१	२	८	२	१६

३८ कर्मचारी तथा पदाधिकारीको अवलोकन भ्रमण

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा १४ मा ऐनले निर्धारण गरेको भन्दा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। अर्थात् अनुसूचि (क) मा उल्लेख भएका गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा भन्दा बाहेक अन्य सुविधा पाउने छैन। त्यस्तै कर्मचारीहरूलाई पनि पालिकाले कानुन नबनाई नेपाल सरकार वा प्रदेश सरकारले तोकिएको भन्दा बाहेक थप सुविधा दिन मिल्दैन। गाउँपालिकाले जनप्रतिनिधि तथा कर्मचारीहरूको अवलोकन भ्रमणको लागि देहायका कर्मचारीहरूलाई पेश्की दिई भ्रमणपछि फस्यौट गरेको छ। पालिकाले अवलोकन भ्रमणबाट प्राप्त उपलब्धी मापन गरेको छैन। अतः गाउँपालिकाले यस्तो प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

भौ.नं.।मिति	**कर्मचारीको नाम**	**पद**	**भुक्तानी रकम**	**कैफियत**
७६७-०८२।२।१९	राजेश प्रशाद रौनियार	स्वा.शा.प्र.	३०००००	स्वास्थ्यकर्मीहरूलाई अवलोकन भ्रमण
१०६४-०८२।३।३२	विनोद प्रसाद यादव	सहायक पाँचौ	५०००००	कर्मचारीहरूको अध्ययन अवलोकन
९७७-०८२।२।२३	विनोद प्रसाद यादव	सहायक पाँचौ	६६००००	गाउँसभा सदस्यलाई अध्ययन अवलोकन
	जम्मा रकम		**१४६००००**	

३९ भ्रमण प्रतिवेदन एवं अभिलेख

भ्रमण खर्च नियमावली, २०६४ को नियम १८ (१) मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीहरूले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको बिल भरि भ्रमण प्रतिवेदन साथ आवश्यक बिल भरपाई सम्बन्धीत कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ । साथै नियम २१ मा भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण प्रारम्भ गरेपछि सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको ढाँचामा भ्रमण अभिलेख राख्नुपर्ने उल्लेख छ । पालिकाले विभिन्न कर्मचारीलाई दैनिक भ्रमण भत्ता वापत वार्षिक रू.२०,०५,१२८ भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेकोमा भ्रमण प्रतिवेदन र भ्रमण अभिलेख राखेको पाइएन। यसवाट कर्मचारीहरू कुन उद्देश्यले र प्रायोजनले भ्रमण गरी भत्ता बुझेको हो सोको यकिन हुन सकेन। तसर्थ, पालिकाले नियमावलीमा उल्लेख भए अनुसारको रीत पुरा गरेर मात्र भ्रमण खर्च लेख्नुपर्दछ ।

४० गत आ.व.को भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(२) अनुसार चालु आर्थिक वर्षको बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्न नहुने व्यवस्था छ । उपनियम १५ अनुसार उल्लिखित खर्च शीर्षकमा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएको अवस्थामा सम्बन्धित कार्यालयले सम्लग्न वील, भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकी विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रमाणित गरी राख्नु पर्ने छ । पालिकाले रू. १ करोड ३७ लाख ५८ हजार बजेट विनियोजन गरी रू. १ करोड १३ लाख ६८ हजार गत वर्षको भुक्तानी दिएकोमा बजेटले बहुवर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक दायित्व सृजना हुने गरी खर्च नगर्ने व्यवस्था मिलाउनु पर्दछ ।

भौ. नं.	मिति	विवरण	डेबिट
२	२०८१/०४/३०	तेहौं गाउँ सभाको भुक्तानी बाँकी खर्च -	१,६०,१३०.००
३	२०८१/०५/०२	गत आ.ब. को भुक्तानी बाँकी एकडर्वामा नहर सडक मर्मत	७,०५,०००.००
६	२०८१/०५/११	आ.ब. २०८०।०८१ को गापा पुँजीगत तर्फको भुक्तानी	३,५८,६०९.००
७	२०८१/०५/११	संलग्न निवेदन, चेक तथा मलेप फारम नं. २२१ अनुसार गत आ.ब. को साट्न बाँकी चेकको रकम भुक्तानी । -	७,०६,४३५.००
८	२०८१/०५/१२	हुलाकी सडक देखी एकडर्वा जाने अधुरो कालोपत्रे कार्य	९,४९,३९७.००
९	२०८१/०५/१२	वडा नं. २ औराहा पंचगावामा वाटर फाउन्टेन निर्माण	९,८०,९८६.००
१०	२०८१/०५/१२	महुवन देखी श्रीपुर हुदै घुसुकपुरसम्म कालोपत्रे सडकको बाँकी बक्यौता रकम	९,१९,६३६.००
१२	२०८१/०५/२१	वडा नं. २ मा चन्द्रिका साह तुरहाको घर देखी छठघाटसम्म अधुरो सडक ढलान	३,८७,९४६.००
१७	२०८१/०६/१४	वडा नं. १, ४ र ६ मा रहेको अधुरो शौचालय निर्माण कार्यको	४,८२,२९५.००
१९	२०८१/०६/२२	सूचना प्रकाशन खर्च	४,५००.००
२५	२०८१/०७/११	गत बर्षमा भएको वडा नं. ६ लखनपुरमा नाला सफाई कार्य	८८,८३०.००
२६	२०८१/०७/११	वडा नं. ६ एकडर्वा टोलमा नाला सरसफाई वापतको भुक्तानी बाँकी रकम	८५,५७७.००
४९	२०८१/०८/१२	गत आ.ब.को साट्न बाँकी चेक वापतको रकम	४७,४६,४१२.००
३१२	२०८२/०३/२५	वडा नं. २ मा बिजुलीको पोल सार्ने कार्य	८०,२३०.००
३२१	२०८२/०३/२५	कार्यालयको लागी विद्युतीय सामग्री खरिद	९९,८०७.००
३१४	२०८२/०३/२५	कार्यालयको गाडी डेकोरेशन खर्च	९४,१२९.००
३१५	२०८२/०३/२५	करबोला देखी पंचगावा कालोपत्रे निर्माणको डिपिआर परिमार्जन खर्च	९७,१८०.००
३१६	२०८२/०३/२५	सूचना प्रकाशन खर्च	१,२१,७५०.००
३१७	२०८२/०३/२५	विविध खर्च भुक्तानी	५०,२५८.००
३१८	२०८२/०३/२५	का.स.मु. मुल्याङ्कन समिति तथा तह/स्तर वृद्धि समितिको बैठक भत्ता	६९,०००.००
३१९	२०८२/०३/२५	नं. ३ मा सेवई वितरणको थप तथा अन्य विविध खर्च	३०,०००.००
७६०	२०८२/०२/१८	महुवन मेलाको पेश्की फर्छ्यौट गरी भुक्तानी	१,५०,०००.००

४१ **धरौटी तर्फ**

४१.१ **धरौटी विवरण:** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६४ मा धरौटी रकमको गोश्वारा धरौटी खाता र व्यक्तिगत धरौटी खाता अध्यावधिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले पेश गरेको आर्थिक विवरण अनुसार गत वर्षको बाँकी

रकम(अल्या) रु. ६९४६६९० यो वर्षको प्राप्त धरौटी आम्दानी रु. २५२७५१५ समेत रु. ९४७४२०५ धरौटी आम्दानी देखिएको छ। सो मध्ये खर्च रु. ३१८८८८४ भई रु ६२८५३२१ बाँकी देखिन्छ।

४१.२ **धरौटी सदरस्याहा:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा जुन प्रयोजनको लागि धरौटी राखिएको हो सो काम पूरा भई प्रचलित कानून बमोजिम तोकिएको समायवधिभित्र धरौटी फिर्ता लिन नआएमा त्यस्तो निकायले पन्ध्र दिनको म्याद दिई कुनै राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नुपर्ने र त्यस्तो म्यादभित्र पनि लिन नआएमा राजस्व खातामा जम्मा गरी हिसाब मिलान गर्नुपर्ने व्यवस्था छ। अत: पालिकाले यस सम्बन्धमा यकिन गर्दै गत विगतको रु. ६९४६६९० धरौटी रकम बाँकी देखिएकोमा यस्ता पुराना तथा प्रयोजन समाप्त भएका धरौटी रकमहरू यकिन गरी सदरस्याहा गरिनुपर्दछ।

४१.३ **मूल्य अभिवृद्धि कर समायोजन पत्र पेश नगरेको:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४ बमोजिम निर्माण व्यबसायीको रिटेन्सन मनि वापत बिलवाट कट्टि गरी राखेको रकम फिर्ता गर्दा आन्तरिक राजस्व कार्यालयमा कर विवरण पेश गरेको प्रमाण पेश गरेपछि मात्र दिनुपर्ने व्यवस्था छ। तर पालिकाले कर विवरण पेश गरेको र मु.अ.कर समायोजन गरेको पत्र वेगर माग गरेको आधारमा धरौटी फिर्ता गरेको देखिएकोले कर चुक्ताको प्रमाण पत्र र मु.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु

गो भौनंरमिति	निर्माणव्यवसायी/सप्लायर्सकोनाम	प्यान नम्बर	रकमरु
९/२०८१।६।२३	अभि कन्स्ट्रक्सन	६१४०२७४५७	१२८८४४
१४/ २०८१।९।२	सुनौलो नेपाल कन्स्ट्रक्सन	६०७१०३०२७	४५२८१७
१८/२०८१।१२।१७	जुन कन्स्ट्रक्सन	६०९७८९५६०	२९६२०
१९/२०८१।१२।१७	सातोमाई कन्स्ट्रक्सन	६०९७८९५८६	३८२००
२४/२०८२।१।१६	स्नेहा वनदेवी जे.भी.	६२१५२६८३९	२६८४०६
२५/२०८२।१।२५	अंकित एण्ड रोशनी कन्स्ट्रक्सन	६०८७७५०५४	६३५११
२६/२०८२।१।२५	माता रानी कन्स्ट्रक्सन	६२०५१११७९	४२४३१
२७/२०८२।१।२५	रोशनी निर्माण सेवा	६१२५८७८०१	२९७२६
२८/२०८२।१।२५	रेहान अलि कन्स्ट्रक्सन	६०७९९७४३५	१२७३६
२९/२०८२।१।२५	शिवम एण्ड ओम निर्माण सेवा	१३१८७६२६२	३८१८४
३२/ २०८२।२।१८	ॐ साई रितेश जे. भी .	६१९९४६८४१	६७६२९७
जम्मा			१७८०७७२

प्रमाण पेश नगरेको	१७,८०,७७२

४२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ (१) अनुसार पेश्की फर्स्यौट हुनुपर्दछ।पालिकाको सुत्र प्रणालीमा देखाएको विवरण अनुसार गत विगतको समेत रू. ३,६४,९१,१६४। पेश्की बाँकी रहेकोछ । उक्त पेश्की मध्ये गत विगत वर्षको बाँकी रहेको रू. २२५२०९८८।- र आ.व. २०८१।८२ मा भुक्तानी भएको मोविलाइजेशन पेश्की रू. ३८७५०००।- नियमानुसार

फस्र्यौट हुन पर्दछ साथै चालु आ.व.मा भुक्तानी भएको देहाय अनुसार म्याद समाप्त भएको पेश्की बाँकी रू. १००९५१७६।- नियमानुसार फस्र्यौट हुनु पर्ने रू

गो. भौ. न.	पेश्की लिएको मिति	पेश्कीको विवरण	पेश्की लिने व्यक्ती फर्म वा कम्पनीको नाम	जम्मा
	कर्मचारी			
२०	२०८१/०५/३०	वित्तीय साक्षरता कार्यक्रम सञ्चालन खर्च	निशा खाँ थारु	१७६२००.
१०२	२०८१/०६/२१	महुवन मेला व्यवस्थापन	किरण गिरी	१०००००.
१०२	२०८१/०६/२१	दशै महोत्सव (दुर्गा पूजा व्यवस्थापन)	किरण गिरी	३०००००.
११३	२०८१/०६/२३	कृषक र महिलाहरूलाई अवलोकन भ्रमण	दिपराज प्रसाद यादव	४०००००.
११७	२०८१/०६/३०	निःशुल्क पशु स्वास्थ्य शिविर	अमित कुमार कुशवाहा	१५००००.
३८	२०८१/०७/२०	समपुरक कोष	अदित प्रसाद यादव	२५००००.
३८	२०८१/०७/२०	समपुरक कोष	रम्भु गिरी	२५००००.
१६९	२०८१/०७/२०	वडा भरी छठ व्यवस्थापन कार्य	राम विनय प्रसाद यादव	१०००००.
३९	२०८१/०७/२१	समपुरक कोष	अदित प्रसाद यादव	५००००.
४०	२०८१/०७/२६	समपुरक कोष	रम्भु गिरी	९५०००.
१८०	२०८१/०८/११	बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप अनुदान	सिता कुमारी श्रेष्ठ	१४००००.
६८	२०८१/०८/१६	मनोसामाजिक परामर्शकर्ताको दैनिक भ्रमण भत्ता तथा यातायात र सञ्चार खर्च	किरण गिरी	२६७००.
३१५	२०८१/०९/१६	पशुहरूको खोप कार्यक्रम	अमित कुमार कुशवाहा	३२००००.
३२५	२०८१/०९/२३	प्र.अ. शिक्षक शैक्षिक कार्यक्रम	नेपालेन्दु साह	४०००००.
३७४	२०८१/१०/२८	अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य परीक्षण तथा सामग्री विवरण	दिपराज प्रसाद यादव	३०००००.
३९९	२०८१/११/०८	बाल क्लब गठन/पुनर गठन र बैठक	अदित प्रसाद यादव	१५००००.
३९९	२०८१/११/०८	सहकारी कर्मीहरूलाई सहकारी सम्बन्धी तालिम	अदित प्रसाद यादव	२०००००.
११३	२०८१/११/१३	श्रमको सम्मान राष्ट्रको अभियान सम्बन्धी क्रियाकलाप संचालन	अकाश मेहता	१०००००.
११३	२०८१/११/१३	रोजगारीमा खटिनु पुर्व अभिमुखीकरण कार्यक्रम सञ्चालन	अकाश मेहता	३००००.
५३३	२०८१/१२/१३	स्थानीय पञ्जिकाधिकारीहरू र सहायक कम्प्युटर अपरेटरहरूलाई व्यक्तिगत घटनादर्ता तथा सामाजिक सुरक्षा भत्ता सम्बन्धी तालिम	सविता तिमल्सिना	१०००००.
१४५	२०८१/१२/१५	हिउँदे मकै प्रवर्द्धन कार्यक्रम	दयाराम वाग्ले	११००००.
५४५	२०८१/१२/१५	मुस्लिम समुदायको पर्व इस्तारी कार्यक्रम	सरोज मिया धोबी	२०००००.
५४७	२०८१/१२/१५	घाटो महोत्सव सञ्चालन खर्च	ब्रहमदेव साह कानु	२५००००.
५९३	२०८१/१२/२६	बहुक्षेत्रीय पोषण कार्यक्रमलाई थप अनुदान	अमित कुमार कुशवाहा	५००००.
६०९	२०८१/१२/२९	वडा स्तरीय अवलोकन भ्रमण	संजय प्रसाद यादव	५०००००.
७१७	२०८२/०२/०५	तिर्थालुहरूको लागि तीर्थयात्रा	रम्भु गिरी	३०००००.
७२९	२०८२/०२/०८	वडा स्तरीय अध्ययन अवलोकन भ्रमण	कृष्णा राम	१०००००.
७३२	२०८२/०२/०८	कार्यक्रम खर्च	उदय प्रसाद चौधरी थारु	१०००००.
७४९	२०८२/०२/१८	महुवनमा दलित मन्दिरमा धार्मिक अष्टाजाम	संजोग कुमार राम	१०००००.

८२१	२०८२/ ०३/ ०९	माछा पालनका लागि भ्रमण	संजय प्रसाद यादव	५०००००.
८९७	२०८२/ ०३/ १७	शिक्षकलाई मूल्यांकन पदि्त / IEMIS सम्बन्धी तालिम	चन्द्रमोहन प्रसाद वरै	३०००००.
२३२	२०८२/ ०३/ २०	महिला उद्यमशिलता तथा दलित सचतनामुलक कार्यक्रम सखुवा पर्सोनी गा.पा. पर्सा	बिनोद प्रसाद यादव	५००००.
२३९	२०८२/ ०३/ २३	स्थानीय तहको रोजगार रणनीति तर्जुमा/ अध्यावधिक/ कार्यान्वयन तथा आन्तरीक रोजगारी प्रवर्द्धन अभियान सम्बन्धी कार्यक्रम सञ्चालन	बिनोद प्रसाद यादव	१०००००.
२४१	२०८२/ ०३/ २३	शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	चन्द्रमोहन प्रसाद वरै	३३४०००.
२४१	२०८२/ ०३/ २३	शैक्षिक पहुँच सुनिश्चितता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम (परम्परागत विद्यालय वैकल्पिक विद्यालय साक्षरता र निरन्तर शिक्षाका कार्यक्रम समेत)	चन्द्रमोहन प्रसाद वरै	३०००००.
२६१	२०८२/ ०३/ ३२	कार्यक्रम खर्च	बिर बहादुर ठगुन्ना	७०८००.
२६१	२०८२/ ०३/ ३२	कार्यक्रम खर्च	भुपेन्द्र सिंह धामी	२५८८००.
२६२	२०८२/ ०३/ ३२	कार्यक्रम खर्च	नेपालेन्दु साह	१४६५०००.
जम्मा				८७२६५००.
	ठेकेदार			
१५	२०८१/ ०६/ १०	स्वास्थ्य शाखा प्रयोजनको लागि बहुउद्देशीय भवन निर्माण	स्नेहा । वनदेवी जे.भी.	१०७५०००.
१९	२०८२/ ०३/ १५	सखुवा प्रसौनी गापा ४ स्थित करबोला देखि कैलानपुर हुँदै पचगावा बाजारसम्म सडक कालोपत्रे	रितेश। अनिल जे.भी.	२८०००००.
जम्मा				३८७५०००.
	संस्थागत			
१०४	२०८१/ ११/ २७	खजुरिया र सियरहीको ट्रान्सफमर सार्ने तथा विधुतीय मर्मत संभार	नेपाल विद्युत प्राधिकरण सिमरा वितरण केन्द्र	१८३५७६.
	अन्तर्गत निकाय			
५९	२०८१/ ०७/ २६	स्थानीय तह तर्फ मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत आमा सुरक्षा गर्भवती उत्प्रेरणा सेवा रक्तसंचार न्यानो झोला सुरक्षित निःशुल्क गर्भपतन र नवजात शिशुको निःशुल्क उपचार कार्यक्रम	निशुल्क स्वास्थ्य सेवा व्यवस्थापन समिति मधुवन मथवल	३५१००.
६६३	२०८२/ ०१/ १४	श्री ने रा आ विद्यालय कौवावन कटैयामा अनुदान	श्री ने. रा. नि. मा. वि. कौवावन कटैया	१००००००.
जम्मा				१०३५१००.
	व्यक्तिगत			
७१६	२०८२/ ०२/ ०५	कार्यक्रम खर्च	विपिन कुमार यादव	१५००००.
कुल जम्मा				१३९७०१७६.

पेश्की	१,३९,७०,१७६

४३ तलबी प्रतिवेदन

मधेश प्रदेश स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०८१ को दफा ४४(३) अनुसार प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाई कार्यालबाट तलबी प्रतिवेदन पारित नगराई तलब भुक्तानी गर्न नहुने व्यवस्था छ । पालिकाले यस वर्ष तलबी प्रतिवेदन पारित नगरी पालिका तर्फ १२ जना कर्मचारीलाई रु. ६९,६७,३२२।- र स्वास्थ्य तर्फका २२ कर्मचारीलाई रु. २,३३,९६,७१४।- गरी जम्मा रु. ३,०३,६४,०३६।- भुक्तानी गरेको छ। तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन। नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्नुपर्दछ।

४४ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने र दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । तर गाउँपालिकाले प्रोत्साहन भत्ता सम्बन्धी कुनै कार्यविधी नबनाई सभाको निर्णयलाई मात्र आधार बनाई यो वर्ष खाईपाई आएको मासिक तलबको ४० प्रतिशत बराबरले हुने रकम प्रोत्साहन भत्ता बापत विभिन्न कर्मचारीहरुलाई रु.१५,५२,२४२ भुक्तानी दिएकोले यसले पालिकाको आर्थिक व्ययभार बढेको छ । अतः प्रोत्साहन भत्ता प्रदान गर्दा कर्मचारीहरूको कार्यसम्पादन, वार्षिक लक्ष्य तथा प्रगति हासिल गर्न कर्मचारीहरूले पुर्याएको योगदान, अतिरिक्त कार्य समय तथा पालिकाको आन्तरिक आम्दानी, कार्य सूचकहरू जस्ता विषयहरूलाई समेटी प्रोत्साहन भत्तालाई मितव्ययी र प्रभावकारी तवरले व्यवस्थित गर्नुपर्दछ ।

४५ **जनप्रतिनिधिलाई प्रोत्साहन भत्ता**

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा १४ मा ऐनले निर्धारण गरेको भन्दा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। अर्थात् अनुसूचि (क) मा उल्लेख भएका गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा भन्दा बाहेक अन्य सुविधा पाउने छैन। पालिकाले कानून विपरित देहायका जनप्रतिनिधिलाई प्रोत्साहन भत्ता दिएको सम्बन्धित सबैबाट असुल गर्नुपर्ने रू

क्र.सं.	**नाम**	**पद**	**भुक्तानी**	**कैफियत**
१.	जसवन्त यादव	गा.पा. अध्यक्ष	४३२००	उल्लेखित जनप्रतिनिधिलाई एक महिना वापतको प्रोत्साहन भत्ता दिएको छ। पालिका अध्यक्षलाई श्रावण र भाद्र महिनाको पनि मासिक भत्ताको ४०% दिएको समेत।
२.	शर्मिला विष्ट महतो	गा.पा. उपाध्यक्ष	३०५००	
३.	वासुदेव महतो थारु	वडाध्यक्ष-	२३०००	
४.	चिरंजिवी प्रसाद महतो	वडाध्यक्ष-	२३०००	
५.	मोजामिल अन्सारी	वडाध्यक्ष-	२३०००	
६.	मो. आरिफ अन्सारी	वडाध्यक्ष-	२३०००	
७.	असेश्वर प्रसाद यादव	वडाध्यक्ष-	२३०००	
८.	मुन्न प्रसाद राउत	वडाध्यक्ष-	२३०००	
	जम्मा रकम भुक्तानी		**२११७००**	

असुल गर्नुपर्ने	२,११,७००

४६ **शैक्षिक तथ्यांक**

पालिकाले शिक्षा क्षेत्रको सशर्त अनुदानको रकम खर्च गर्दा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रायलयबाट स्वीकृत स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वियन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वियन कार्यविधि

२०८१/८२ मा भएको व्यवस्था बमोजिम गर्नुपर्दछ। पालिकाले विद्यालयलाई तलव भत्ता लगायतका पाठ्यपुस्तक, छात्रवृत्ति, सिकाई सामाग्री लगायतका अनुदान उपलव्ध गराउँदा सम्बन्धित संस्थाले शैक्षिक तथ्यांक (EMIS), २०८१ भरी प्रमाणित भएको यकिन गरेर मात्र उपलव्ध गराउनु पर्ने व्यवस्था छ। विद्यालयले पेश गरेको शैक्षिक तथ्यांक यथार्थपरक भए नभएको पालिकाले निरन्तर अनुगमन, निरीक्षण गरी देखिएका तथ्यलाई अभिलेखीकरण गरी प्रमाणित गर्ने गरेको नदेखिएकोले उक्त तथ्यांकको आधारमा पालिकाले उपलव्ध गराएको अनुदान रकम यथार्थ छ भनी आश्वस्त हुन सकिएन। कार्यक्रम कार्यान्वयन कार्यविधिमा उल्लेखित व्यवस्थालाई पूर्ण रुपमा पालना गरी अनुदान निकासालाई व्यवस्थित गर्नुपर्दछ।

४७ **शिक्षक दरवन्दी र पदपूर्ति**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २९ सामुदायिक विद्यालयहरूको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ।

सि.नं.	विद्यालयको नाम	शिक्षक दरबन्दी	पदपूर्ति	पदपूर्ति मध्ये करार	विधार्थी संख्या
१	दीप.ना.आ.उ.मा.वि.औराहा	२०	२०	१०	१०३०
२	ने.रा.मा.वि.सियरही सथवल	१८	१८	१३	६००
३	भोलेशंकर नि.मा.वि.औराहारेन्ज	६	६	३	१८०
४	दलित प्रा.वि.महवन	२	२	१	१७९
५	ने.रा.प्रा.वि.	३	३	०	१४६
६	देवीमाई प्रा.वि.लखनपर	३	३	०	१६१
७	ने.रा.मोहनआर्दश नि.मा.वि.औराहा पचगावा	६	६	४	१८१
८	ने.रा.प्रा.वि. गुलवरीया फारम	३	३	२	१९५
९	गढी भगवती प्रा.वि.सखवा प्रसौनी	३	३	२	२१२
१०	ने.रा.प्रा.वि. दोहरी ९	२	२	०	८३
११	गढीभगवती प्रा.वि.सखवनिया	७	७	४	५९
१२	ने.रा.प्रा.वि. ओझैया प्रसौनी	३	३	०	२१७
१३	ने.रा.नि.मा.वि. कौवावनकटैया	५	५	४	३४८
१४	ने.रा.नि.मा.वि. सिद्धपर	८	८	५	१४९
१५	मकतव मिसवाहल उलम कौवावनकटैया	१	१	१	१६१
१६	मदर्सा इस्लामिया फैजुल उलम देउरवाना ९	१	१	१	३३७
१७	ने.रा.प्रा.वि. कौवावन	१	१	१	५१
१८	नेपाल राष्टिय जनजाति प्रा.वि. सिद्धपर	१	१	०	४२
१९	ने.रा.प्रा.वि. जगदिशपरजमनिया	३	३	२	१३६
२०	रामजानकी प्रा.वि.लखनपर	३	३	१	१३३
२१	अरुणोदय युवा प्रा.वि. बलुवा महुवन	३	३	१	११०
२२	मदर्सा इस्लामिया नरुलउलुम कौवावनकटैया	०	०	०	१७९
२३	रामसुरत महतो प्रा.वि. श्रीपुर	४	४	४	११६
२४	शिव प्रा.वि. रामभौरी	४	४	३	१०८
२५	ने.रा.मा.वि. महुवन	१५	१५	६	१२०६
२६	जानकी राजेश पंडित नि.मा.वि.महुवनछबेलमाईटो	५	५	५	५७५
२७	भगवान रामचन्द्र प्रा.वि.खजरिया	१	१	०	८०
२८	दलित मक्ति प्रा.वि. छोटाटोला सोलखपुर	०	०	०	७०
२९	ने.रा.मा.वि. देउरवाना,	१२	१२	४	१२११

	जम्मा	**१४३**	**१४३**	**७७**	**८२५५**

४८ **प्रति विद्यार्थी लागत अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१ को क्रियाकलाप नं.२.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि सामुदायिक विद्यालयका बालविकास कक्षा, कक्षा १-५, कक्षा ६-१० र कक्षा ११-१२ का विद्यार्थी संख्या सत्यापन/रुजु गरी यकिन विद्यार्थी सङ्ख्याको आधारमा रू.५००,१५०, २०० र २५० का दरले हिसाव गरी प्रति विद्यार्थी लागत रकमले गुणन गरी आएको अङ्क बराबरको रकम विद्यालयलाई एकमुष्ठ अनुदान दिने व्यवस्था छ। पालिकाले उक्त कार्यको लागि भौ.नं.१६६-२०८२।१।१० बाट २९ वटा सामुदायिक विद्यालयलाई रू.२१,६५,२००।- अनुदान निकासा दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरूः

- विद्यालयमा आधारभूत सिकाइ वातावरणको प्रबन्ध गर्न आधारभूत शिक्षा (कक्षा १-५) मा बुक कर्नरको व्यवस्था गर्ने। यसरी बुक कर्नरको व्यवस्था गर्दा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत भएका गणित र पढाइ सीपसँग सम्बन्धित सन्दर्भ सामग्री प्रति कक्षा कम्तीमा १ सेट राख्ने, प्रविधिमैत्री बैकल्पिक सिकाइका लागि आवश्यक पूर्वाधार, सामग्री र प्रविधिको प्रयोग (इन्टरनेट र विद्युत- जडान र महसुल, डिजिटल सिकाइ सामग्रीको व्यवस्था र उपयोग) गर्नुपर्नेमा विद्यालयद्वारा उल्लेखित खरिद र व्यवस्थापन कार्य गरेको प्रमाण पेश भएको देखिएन।

- विद्यालयमा सामान्य मर्मत सम्भार र दैनिक अत्यावश्यकीय सेवा/वस्तुको व्यवस्था जस्तै- पिउने पानी, टेलिफोन, कम्प्युटर, इ-हाजिरी, सोलार, ल्याब, मेसिनरी सामान मर्मत, फर्निचर लगायत विद्यालयको सामान्य खालका मर्मत सम्भार आदि गर्नुपर्नेमा सो काम गरेको भरपाई बिजक प्रमाण पेश नभएको।

- अनुदान शीर्षकबाट रकम उपलब्ध गराउदा शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन तथा बालबालिकाको पोर्टफोलियो निर्माण गर्नका लागि शैक्षिक तथ्याङ्क २०८१ मा विवरण भरेका विद्यार्थीका लागि प्रति विद्यार्थी रू ५०० का दरले हिसाब गरी प्रत्येक प्रारम्भिक बालविकास कक्षालाई एकमुष्ठ अनुदान दिएकोमा विद्यालयले बालविकास शिक्षक/सहजकर्ताको राय परामर्शमा राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्री र वालविकास केन्द्रका लागि निर्धारित प्राथमिकता प्राप्त न्यूनतम मापदण्ड (Prioritized Minimum Enabling Condition-PMEC) मा उल्लेखित (योग्यता एवम् तालिम प्राप्त शिक्षक, ६ सिकाइ क्षेत्र, बालमैत्री धारा, साबुन पानी सहितको शौचालय, चिसो र धुलोरहीत बसाइ व्यवस्थापन) क्षेत्रमा वालविकास केन्द्रमा पूरा नभएका क्षेत्र पहिचान गरी उक्त क्षेत्र पूरा हुने गरी रकम खर्च गर्नुपर्नेमा त्यसो गरेको देखिएन।

- केन्द्रमा प्रारम्भिक बालविकास तथा शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्री तथा बालविकास केन्द्रका लागि तय भएका ६ ओटा सिकाइ क्षेत्र (भाषा, गणित, विज्ञान, सृजनात्मक कला, निर्माण र भूमिका अभिनय) का लागि कम्तीमा १०/१० सेट सामग्रीको व्यवस्था गर्नुपर्ने तथा बालविकास केन्द्रले यस्ता सामग्री प्रत्येक वर्ष थप्दै जाने र प्रत्येक वर्ष खरिद एवम् सङ्कलन गरिएका सामग्रीको अभिलेख खडागरी प्रधानाध्यापकले प्रमाणित गरी राख्ने व्यवस्था मिलाउनुपर्नेमा नभएको।

अतः उक्त शीर्षकमा प्रत्येक वर्ष अनुदान रकम निकासा भए पनि कार्यविधिले निर्धारण गरेका कार्यहरू विद्यालयहरूद्वारा गरेको देखिदैन। पालिकाले यस सम्बन्धमा नियमित अनुगमन गरी कार्यविधि अनुसार विद्यालयले कार्य गरे नगरेको यकिन गरी नगर्ने विद्यालयलाई अनुदान निकासापूर्व गत आ.व.को निकासानुसार कार्य गरेको प्रमाण प्रतिवेदन माग गरी मात्र अनुदान दिनुपर्दछ।

४९ **उच्च मा.वि. सञ्चालन अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। नेपाल सरकारले पालिका अन्तर्गत सञ्चालित कक्षा १ देखि १२ सम्मका विद्यालयहरूको लागि दरबन्दी अनुसाका शिक्षकको तलब भत्ता लगायत विद्यालय सञ्चालन व्यवस्थानपसम्मा अनुदान सशर्त अनुदान

मार्फत निकासा दिएको हुन्छ। पालिकाले समानिकरण अनुदान मार्फत देहायका कक्षा (११-१२) सञ्चालित विद्यालयहरूलाई उच्च कक्षा सञ्चालनको लागि अनुदान दिएकोमा विद्यालयको माग फारम, शिक्षक नियुक्ती तथा नविकरणको प्रमाण, शिक्षकलाई भुक्तानी गरेको तथा कर कट्टि लगायतका विद्यालय र पालिकाबिचको सम्झौता अनुसार अनुदान खर्च भएकोमा पालिकाले यकिन गर्नुपर्दछ।

भौ.नं.। मिति	विद्यालयको नाम	अनुदान रकम
६६-०८१।६।१४	श्री रा.मा. विद्यालय सियरही	५३४०००
२१५-०८१।८।१८		३७८०००
१००४-०८२।३।२५		२५२०००
६७-०८१।६।१४	श्री ने.रा.मा.वि. महुवन	६४७०००
३१०-०८१।९।१२		४६०५००
१००४-०८२।३।२५		२३२०००
	जम्मा अनुदान रकम	**२५०३५००**

५० **पाठ्यपुस्तक अनुदान**

पालिका अन्तर्गत सञ्चालित धार्मिक विद्यालय समेत २९ वटा सामुदायिक विद्यालयलाई आर्थिक वर्ष २०८१।८२ मा पाठ्यपुस्तक वितरण गर्न भौ.नं.१६६,२४७-०८२।०३।२५ बाट जम्मा रू. ५०,७०,४०७।- निकासा भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार छनः

५०.१ कार्यक्रम कार्यान्वयन कार्यविधिको क्रियाकलाप नं. २.४.६.२ मा उल्लेख भए अनुसार पालिकाले EMIS मा सत्यापन गराई विद्यार्थीको यथार्थ विवरण, शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण तथा विद्यार्थीहरूले पाठ्यपुस्तक बुझेको भरपाई, स्थानिय तहवाट हुनुपर्ने निरन्तर अनुगमन र सो अनुगमनवाट देखिएको विद्यार्थीको उपस्थित हाजिरी अवस्थाको विवरणलाई समेत अभिलेखीकरण सहित श्रेस्ता अद्यावधिक गरी लाभग्राही विद्यार्थी तथ्याङ्कलाई यथार्थपरक बनाउनुपर्नेमा उल्लेखित व्यवस्थाको पूर्ण पालना गरेको पाईएन।यसतर्फ सम्वन्धित निकायको ध्यान जानुपर्दछ।

५०.२ **भरपाई पेश नभएकोः** पालिकाबाट प्राप्त जानकारी अनुसार देहायका विद्यालयहरूले लेखापरीक्षण अवधि सम्म पनि पाठ्यपुस्यक वितरण गरेको आवश्यक कागजात तथा प्रमाण पेश नगरेकोले सम्बन्धित विद्यालयहरूले आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा विद्यालयहरूबाट उक्त रकम असुल गर्नुपर्ने रु

क्र.सं.	विद्यालयको नाम	रकम
१.	दीप ना. आ. उ. मा. वि. औराहा	६८७८३४

प्रमाण पेश नगरेको	६,८७,८३४

५०.३ **बढी भुक्तानीः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। साथै कार्यान्वयन पुस्तिका अनुसार विद्यालयले प्रमाण/भरपाई पेश गर्दा वि.व्य.स. र प्र.अ. द्वारा प्रमाणित गरेर मात्र पेश गर्नुपर्ने व्यवस्था रहेकोमा अधिकांश विद्यालयले सो गरेको पाइएन। नमुना छनोटका आधारमा स्रेस्ता परीक्षण गर्दा पालिका अन्तर्गत सञ्चालित विद्यालयहरूलाई अनुदान रकम निकासा भएकोमा देहायका विद्यालयहरूले पुस्तक खरिद विलमा उल्लिखित विद्यार्थी संख्या भन्दा कम विद्यार्थीको भरपाई पेश गरी भुक्तानी गर्नुपर्ने भन्दा बढि हुने गरी रु. १,२२,७३०।- निकासा दिएको पाईयो। बाँकी विद्यालयको सम्बन्धमा पालिकाबाटै यकिन गरी निम्मानुसार विद्यालयको बढी निकासा गरेको रकम सम्बन्धित विद्यालयहरूबाट असुल गर्नुपर्ने रु

क्र.सं.	विद्यालय	कक्षा	भुक्तानी संख्या	भरपाई संख्या	बढी भुक्तानी	दर	रकम	जम्मा
१.	श्री शिव प्राथमिक विद्यालय	२	२४	१४	१०	५५६.८	५५६८	१९४६२
		३	२५	१८	७	५८०.८	४०६५	
		४	१७	९	८	५९६.२	४७६९	
		५	१८	१०	८	६३२.५	५०६०	
२.	श्री ने. रा. मा. वि. सियरही सथवल	१	३०	२६	४	५२०.८	२०८३	१०९८९
		२	३०	२८	२	५५६.८	१११४	
		६	५०	३९	११	७०८.४	७७९२	
३.	ने. रा. मा. वि. महुवन ५	२	५८	५४	४	५५६.८	२२२७	२२५१८
		८	१३६	११३	२३	८८२.२	२०२९१	
४.	मदर्सा इस्लामिया फैजुल उलुम देउखाना ९	१	७०	४८	२२	५२०.८०	११४५८	६९७६१
		२	५५	४७	८	५५६.८०	४४५४	
		३	६१	३२	२९	५८०.८०	१६८४३	
		४	५८	३१	२७	५९६.२०	१६०९७	
		५	६३	३०	३३	६३३.६	२०९०९	
							जम्मा	**१२२७३०**

असुल गर्नुपर्ने	१,२२,७३०

५०.४ **बढी निकासाः** पुस्तक खरिद विल र निकासा रकमको नमुना छनोटको आधारमा परीक्षण गर्दा देहायको विद्यालयले पेश गरेको पाठ्यपुस्तक खरिद विल भन्दा रु. ५१,६३८।- बढी निकासा दिएको पाइयो। बाँकी विद्यालयको सम्बन्धमा पालिकाबाटै यकिन गरी देहायको विद्यालयको बढी निकासा गरेको रकम सम्बन्धमा आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

विद्यालयको नाम	पेश खरिद विल	निकासा रकम	बढी निकासा
श्री ने. रा. मा. वि. महुवन-५	६८२३४०	७३३९७८	५१६३८
		जम्मा	**५१६३८**

प्रमाण पेश नगरेको	५१,६३८

५०.५ **बिल पेश नगरेकोः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। पालिकाले श्री गढी भगवती आधारभूत विद्यालय, सखुवा प्रसौनीलाई पाठ्यपुस्तक बापत जम्मा रु. १,३३,४४६।- निकासा दिएकोमा पाठ्यपुस्तक खरिद गरेको बिल पेश नगरेकोले आवश्यक प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,३३,४४६

५१ दिवा खाजा

दिवा खाजाः पालिका अन्तर्गत संचालित धार्मिक विद्यालय समेत २९ वटा विद्यालयलाई पालिकाले गौ.भौ.नं. ३८, ८७, र १६६-२०८२।१।१० बाट जम्मा रू. १,५०,२२,०३०।- निकासा दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू -

निम्नानुसार छन्:

५१.१ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१/८२ को क्रियाकलाप नं २.७.११.१ मा स्थानीय तहले विद्यालयमा प्रत्यक्ष कक्षा संचालनमा रहेका दिनका लागि मात्र सामुदायिक विद्यालयका बालविकास देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरूका लागि प्रति विद्यार्थी रु १५ का दरले १८० दिनको दिवा खाजा त्रैमासिक अनुदान निकासा दिनुपर्ने तथा विद्यार्थीको दैनिक हाजिरी पुस्तिकाको प्रतिलिपि विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट प्रमाणित गराई संख्या यकिन भएपछि अनुदान रकम सदुपयोग भएको सुनिश्चित गरेर मात्र थप अनुदान दिनुपर्ने व्यवस्था भएकोमा पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कलाई विद्यालयका प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षबाट सत्यापन नगराइ निकासा गरेको पाईयो। जसले गर्दा वास्तविक विद्यार्थी संख्या यकिन गर्न सकिएन। विद्यालयले विद्यार्थीको हाजिरीको प्रमाणित प्रतिलिपि तथा विल भरपाई पेश नगरेकोले दिवा खाजा बापत निकासा भएको रकम बढी निकासा भएको छैन भन्न सक्ने अवस्था छैन। पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम IEMIS डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी संख्या र अनुगमनबाट विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनुपर्दछ।

५१.२ **अनुदान फिर्ताः** आर्थिक वर्ष २०८१।८२ को लागि संघ, प्रदेश तथा स्थानीय तहको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शनमा अर्थ मन्त्रालयको मिति २०८१।४।१ को पत्र संख्या २०८१।८२ च. नं. १ अनुसार सबै स्थानीय तहलाई गरेको परिपत्रको बुँदा नं. (ख)१७ मा सशर्त, समपूरक र विशेष अनुदानको रकम खर्च नभई बचत भएमा त्यस्तो वचत रकम सोही आर्थिक वर्षको असार मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत सङ्घीय सञ्चित कोषमा फिर्ता दाखिला गर्नु पर्ने उल्लेख छ। पालिका अन्तर्गत संचालित विद्यालयहरूको दिवा खाजा वापत भुक्तानी भएका स्रेस्ताको नमुना छनोटको आधारमा परीक्षण गर्दा देहायका विद्यालयहरूले असार मसान्तमा दिवाखाजा बापत संचित भएको रकम आ.व. २०८२।८३ को लागि खर्च गर्ने भनि फिर्ता नगरेको पाइएकोले बाँकी विद्यालयहरूको सम्बन्धमा पालिकाबाटै यकिन गरी देहायका विद्यालयहरूको संचित रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्ने रु.

क्र.सं.	विद्यालयको नाम	रकम	कैफियत
१.	श्री ने. रा. नि. मा. वि. कौवावन कटैया	५८९५०	
२.	श्री भोलेशंकर नि. मा. वि. औराहारेन्ज	२८५००	फागुन सम्म
३.	श्री ने. रा. नि. मा. वि. सिद्धपुर	५७००	फागुन सम्म
		९३१५०	

असुल गर्नुपर्ने	९३,१५०

५१.३ **प्रमाण पेश नगरेकोः** पालिकाले विद्यालयहरूलाई प्रदान गरेको दिवाखाजा अनुदान रकम सम्बन्धमा देहायका विद्यालयहरूले लेखापरीक्षणको क्रममा खर्चलाई पुष्टि गर्ने आवश्यक कागजात प्रमाण पेश नगरेकोले पालिकाले आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा विद्यालयहरूबाट उक्त रकम असुल गर्नुपर्ने संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

क्र.सं.	विद्यालयको नाम	रकम	कैफियत
१.	श्री दिप नारायण आ. उ. मा. वि. औराहा	७६५०००	

प्रमाण पेश नगरेको	७,६५,०००

५२ **छात्रवृत्ति**

पालिका अन्तर्गत सञ्चालित धार्मिक विद्यालय समेत २८ वटा सामुदायिक विद्यालयलाई आर्थिक वर्ष २०८१।८२ मा छात्रवृत्ति वितरण गर्न भौ.नं. १६६-२०८२।१।१० बाट जम्मा रू.१३,६६,४००।- निकासा भएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू निम्नानुसार

छनः

५२.१ कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. ७.२.१.१ को बूँदा नं. ४.२ मा EMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयवाट कक्षागत विद्यार्थीको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयलाई छात्रवृत्ति बापत अनुदान दिने व्यवस्था भएकोमा विद्यार्थी सँख्या यकिन गरेर मात्र छात्रवृत्ति अनुदान निकाशा गर्नुपर्नेमा सत्यापन गराई वास्तविक विद्यार्थी सँख्या यकिन गरेको आश्वस्त हुने प्रमाण पेश भएन।

५२.२ **भरपाई पेश नभएकोः** पालिकाले विद्यालयहरूलाई प्रदान गरेको छात्रवृत्ति रकम सम्बन्धमा लेखापरीक्षणको क्रममा छात्रवृत्ति वितरण गरेको आवश्यक कागजात प्रमाण पेश नगरेकोले पालिकाले आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा विद्यालयहरूबाट उक्त रकम असुल गर्नुपर्ने संघीय संचित कोषमा दाखिला गर्नुपर्ने रु

क्र.सं.	विद्यालयको नाम	रकम
१.	श्री दिप नारायण आ. उ. मा. वि. औराहा	८००००

प्रमाण पेश नगरेको	८०,०००

५३ **स्यानेटरी प्याड खरिद**

कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरूका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। गाउँपालिकाले यो वर्ष सीताराम सप्लायर्स (१२४६८६४७४) सँग प्रति प्याकेट मू.अ. कर समेत रू.७७.९७ मा २३१०० प्याकेटको लागि मू.अ. कर समेत रू.१८,०१,१०७ मा खरिद गरी भौ.नं.१५२-०८२।१।४ बाट भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरू यस प्रकार रहेका छन्ः

-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) अनुसार पच्चीस लाख रुपैयाँसम्मको नेपालमा उत्पादित मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र यसरी सौझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नु पर्ने व्यवस्था छ। त्यस्तै नियम ८५ (३ख) मा उपनियम (१क) बमोजिम उत्पादकबाट सोझै खरिद गर्दा त्यस्तो उत्पादकले आफ्नो उत्पादनको खुद्रा तथा डिलर बिक्री मूल्य सूची राष्ट्रियस्तरको समाचारपत्रमा प्रकाशन गरेको र त्यस्तो उत्पादकले स्थानीय डिलरलाई दिए सरहको छुट खरिद गर्ने सार्वजनिक निकायलाई दिनुपर्ने व्यवस्था छ। पालिकाले पत्रिकामा प्रकाशित दरको आधारमा सोझै खरिद गरेकोले नियमानुसार सोझै खरिद गर्दा दिनुपर्ने छुट बेगर खरिद गरेकोले नियमसम्म मान्न नसकिएको रू....

-स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुँदा नं. ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै बुँदा नं. ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ। पालिकाले खरिद गरेको स्यानेटरी प्याड विद्यालयहरूलाई वितरण गरेको र विद्यालयहरूले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको यकिन गर्नुपर्दछ।

अनियमित भएको	१८,०१,१०७

५४ **सुनौलो हजार दिन कार्यक्रम**

महिला सहकारी तथा समुहमा बहुक्षेत्रीय पोषण सम्बन्धी आयमूलक कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ मा स्थानीय तहमा महिला सहकारी तथा समुहमा आयमुलक कार्यक्रम सञ्चालन गर्न सक्ने व्यवस्था छ। यसको बुँदा नं. ४ मा बहुक्षेत्रीय पोषण कार्यक्रमको सञ्चालन अन्तर्गत महिला सहकारी वा महिला समुह छनोट गरी व्यवसाय सञ्चालन मार्फत आय आर्जन बढाउने उद्देश्य रहेको प्रष्ट छ। यस कार्यक्रम अन्तर्गत पालिकाले सुनौला हजार दिनका विपन्न महिलाको पोषण सुधारका लागि आय आर्जन कार्यक्रम सञ्चालनका लागि

२८ जना लाभग्राहीलाई जनही रू.२५००० का दरले भौ.नं.२२४-०८२।३।१९ बाट रू.७,००,००० भुक्तानी दिएकोमा आय आर्जनको क्षेत्र उल्लेख नभएको अनुदान रकम कुन काममा प्रयोग भएको यकिन हुन सकेन। यस सम्बन्धमा देखिएका व्यहोरा देहायनुसार छन्:

- कार्यविधिको बुँदा नं. ५ मा अनुदान वित्तरण कार्यक्रमको लागि सम्बन्धित स्थानीय तहले पन्ध्र दिनको म्याद दिई सूचना प्रकाशन गर्नुपर्नेमा पालिकाले सो नगरी २८ जना लाभग्राहिलाई सोझै छनोट गरी कार्यक्रम गरेको पालिकाको भनाई छ।
- बुँदा नं. ७(२) अनुसार महिला लाभग्राही समुह वा सहकारी छनोट गर्दा सरकारी निकायबाट हालसम्म अनुदान प्राप्त नभएको सहकारी तथा समुहलाई प्राथमिकता दिनुपर्ने भनिएकोमा पालिकाद्धारा छनोट गरिएको लाभग्राहिले हालसम्म सरकारी अनुदान प्राप्त गरेको वा नगरेको कुनै जाँचबिना नै अनुदान दिएको पाइयो।
- बँदा नं. १० बमोजिम अनुदानका लागि छनोट भएका महिला सहकारी वा समुहले अनुसूची-३ बमोजिमका विषयमा बहुक्षेत्रीय पोषण योजना दोश्रो अन्तर्गतका स्वयमसेवक वा सम्बन्धित विज्ञ मार्फत तालिम दिनुपर्नेमा सो नभएको साथै अनुसूची ४ बमोजिमको व्यवसायिक योजना बनाउनुपर्नेमा नबनाएको ।
- बुँदा नं. १५ अनुसार स्थानीय तहले अनुदान प्राप्त सहकारी वा समुहको अनुगमन गर्नुपर्ने र बुँदा नं. १६ अनुसार सहकारीले अनुदान परिचालनको अवस्थाको बारेमा अर्धवार्षिक र वार्षिक रुपमा अनुसूची ५ बामोजिमको ढाँचामा स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्नेमा प्रतिवेदन पेश नभएकोले उक्त कार्यक्रम भए नभएको सम्बन्धमा यकिन नभएकोले पालिकाले यस कार्यक्रमको स्थलगत अनुगमन गरी नियमानुसार कार्यक्रम भए नभएको यकिन गर्नुपर्दछ।

५५ **न्यानो झोला**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०८१।८२ मा स्थानीय तहहरूबाट सञ्चालन गरिने स्वास्थ्य तर्फका सशर्त अनुदान अन्तर्गतका क्रियाकलापहरू संचालन सम्बन्धी मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । पालिकाले यो वर्ष जगतारण ट्रेडर्स (३०४७५१२४८) बाट ४०० थान न्यानो झोला मू.अ. कर समेत प्रति थान रू.८९८.३५ का दरले खरिद गरी भौ.नं.४९-०८१।७।११ बाट रू.३,५९,३४० भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले तीनवटा बर्थिङ्ग सेन्टरमा वितरण/हस्तान्तरण गरेकोमा बर्थिङ्ग सेन्टरको स्थलगत अनुगमन गर्दा पालिकाले वर्थिङ्ग सेन्टरमा हस्तान्तरण गरे पनि बर्थिङ्ग सेन्टरले जिन्सी दाखिला नगरेको तथा लगत कट्टाको प्रमाण पेश नगरेकोले कति खपत भएको र बाँकी रहेको यकिन हुन सकेन। पालिकाले खरिद गरेका झोलाहरू तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण समेत गरेको देखिएन। अतः पालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय न्यानो झोला खरिद गर्नेतर्फ ध्यान दिनुपर्छ।

५६ **औषधि खरिद**

गाउँपालिकाले यो वर्ष औषधि खरिदको लागि समानीकरण चालुको भौ.नं.६१३-०८१।१२।३१ बाट रू.१४,९७,५२१ को मेडिसिल्स मेडिको फर्मा (६०८९१५६७६) बाट खरिद गरी भुक्तानी दिएको र संघीय सशर्त चालुको भौ.नं.४६-०८१।६।२३ बाट रू.११,५३,९५८ को जयसवाल फार्मेसी (३००४९६१३८) बाट खरिद गरी भुक्तानी दिएको छ। यसरी पालिकाले यो वर्ष दुईपटकमा रू.२६,५१,४७९ को सोझै खरिद गरी भुक्तानी दिएको छ। यस सम्बन्धमा देखिएको अन्य व्यहोराहरू निम्नानुसार छनः

-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व आवश्यकता र मागको आधारमा लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले लागत अनुमान तयार नगरी खरिद गरेको छ। नियमावलीको व्यवस्था बमोजिम माग अनुसारको संख्या, गुणस्तर र स्पेशिफेकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ।

-औषधी खरिद गर्दा आवश्यकता विश्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। पालिकाले औषधि खरिदको पूर्व योजना र आवश्यकता पहिचानको लागि पनि खरिद र खर्चको अभिलेखालाई व्यवस्थित बनाउनुपर्दछ।

-औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि बाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा औषधीको आपूर्ति पश्चात भुक्तानी दिनु अघि गुणस्तर अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन। यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ।

-निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिप र बोतलमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको औषधि र जिल्ला वा अन्य संस्थाहरूबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेकोले अन्य निकाय वा संस्थाबाट कति औषधि प्राप्त भयो भएन सम्बन्धमा यकिन भएन। पालिकाले खरिद गरेको र अनुदानबाट प्राप्त भएको औषधिको छुट्टा-छुट्टै अभिलेख राख्नुपर्दछ।

-औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ। औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरूमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१क) अनुसार पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने र सौझै खरिद गर्दा उपलब्ध भएसम्म नेपाल गुणस्तर चिन्ह प्राप्त मालसामान खरिद गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले माग र आवश्यकताको आधारमा एकमुष्ट लागत तयार गरी रू.२५ लाख भन्दा बढीको खरिद प्रतिस्पर्धात्मक तरिकाले गर्नुपर्नेमा दुई पटकमा छुट्टा छुट्टै सप्लायर्सबाट प्रतिस्पर्धा सिमित हुनेगरी रू.२६,५१,४७९ को औषधि खरिद गरेको छ। पालिकाले नियमानुसार खरिद कार्य गर्नुदपर्दछ।

५७ वितरणमुखी कार्यक्रम

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। यस गाउँपालिकाको आ.व. २०८१।८२ को पुँजीगत बजेट शीर्षकबाट पाइप, टंकी वितरण जस्ता कार्यक्रममा खर्च गरको पाइयो ।यस्ता प्रकारका वितरणमुखी कार्यक्रमबाट उत्पादकत्व वृद्धि नहुने, वितरण भएका सामग्रीको सदुपयोग नहुने हुँदा राज्यको सिमित स्रोत साधनबाट सर्वसाधारण जनताले लाभ लिन नसक्ने हुँदा सस्तो खर्च नियन्त्रण गर्नु पर्दछ। यसका केही उदाहरण देहाय अनुसार छन्:

भौ.नं. र मिति	कार्यक्रम	रकम	कैफियत
१११–२०२०८१।११।२८	चापाकल वितरण	८९१५१७	४८ थान वितरण
५३-२०८१।९।२	धारा खरिद र वितरण	३८६४१६	२१ थान वितरण
५८-२०८१।९।३	सांस्कृतिक सामग्री वितरण	४९८९१७	३ वटा मन्दिरलाई वितरण

५८ गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन्:

भौ.नं. मिति	योजना/ कार्यक्रम	भुक्तानी पाउने	रकम
३२-२०८१।७।१३	वडा नं. १ दोहरीमा सडक ढलान	स्वाच्छ दोहोरी बाटो ढलान उपभोक्ता समिति	१४५५०००
३५-२०८१।७।१४	मुमताजको घरदेखी इबरारको घरसम्म बाटो ढलान	शशि एण्ड अकलेश कन्स्ट्रक्सन	४८४६८८
३७-२०८१।७।१४	गयासुदिन मियाको घर देखि उतर कुलोसम्म अधुरो ढलान	पारशनाथ कन्स्ट्रक्सन	४७४६५४
४२-२०८१।८।४	श्रीपुर गाउँमा सडक ढलान	आर. एण्ड पि. कन्स्ट्रक्सन	९७३०५८
६०-२०८१।९।३	श्री अरुणोदय युवा प्राथमिक विद्यालय बलुवा महुवनको कम्पाउण्ड निर्माण	बलुवा विद्यालय कम्पाउण्ड निर्माण उपभोक्ता समिति	७७६०००
१७०-२०८२।२।७	एकडरवा इमलिया टोलमा नाला तथा सडक ढलान	शुभआरम्भ निर्माण सेवा	९५४३३५
२०१-२०८२।३।६	वडा कार्यालय मर्मत	आरती कन्स्ट्रक्सन	६७५४१९
१९४-२०८२।२।२९	धुरेन्द्र ठाकुरको घर देखी थारु टोल जाने बाटो ढलान	बरम बाबा उपभोक्ता समिति	१९४००००
२०९-२०८२।३।१५	पञ्चरत्न मन्दिरमा वाल बाउंड्री तथा सौन्दर्यकरण	पञ्चरत्न महदेव उपभोक्ता समिति	१०२२५४३

५९ सामान खरिदमा गुणस्तर परीक्षण

सार्वजनिक खरिद नियमावली, २०६४ नियम ११५ अनुसार सार्वजनिक निकायलाई प्राप्त हुने मालसामान तोकिएको स्पेसिफिकेशन तथा गुणस्तर अनुसार भए नभएको गुणस्तर निरीक्षण समितिले निरीक्षण वा परीक्षण गर्नुपर्ने तथा सो को प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ । पालिकाले टुक्रे खरिद गर्दा अधिकांशमा स्फेसिफिकेशन नखुलाई खरिद गरेको तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गरेको देखिएन । स्फेसिफिकेशन स्पष्ट खुलाउने तथा स्फेसिफिकेशन तथा गुणस्तर परीक्षण गराउनेतर्फ पालिकाले ध्यान दिएको समेत पाइएन । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । यसका केही उदाहरण देहाय अनुसार छन्:

भौ.नं. मिति	योजना/ कार्यक्रम	भुक्तानी पाउने	लागत अनुमान
५७-२०८१।९।२	फर्निचर तथा फिक्चर्स	साइन फर्निचर	९,६१,६३०.००
५६-२०८१।९।२	मेशिनरी तथा औजार	मिलेनियम इन्फोसिस	९८९३१५.००
५२-२०८१।८।१८	स्ट्रिट लाइट खरिद	आर. एन. एण्ड सप्लायर्स	१९९९८७.००
७८-२०८१।९।२४	मेशिनरी औजार	सहनी ब्रदर्श इन्टरप्राइजेज	३८९२८५
७७-२०८१।९।२४	लिड डिस्प्ले वोर्ड	सुनिता सप्लायर्स	३९९९०७

६० डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नु पर्दछ। पालिकाले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ।

क्र.सं.	कार्यक्रमको नाम	परामर्शदाता	खर्च
१	सेवा र परामर्श खर्च	सागा इन्जिनियरिङ्ग कन्सल्टेन्सी	१७१३३६७।००

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ। साथै यसरी तयार भएका अध्ययन प्रतिवेदन सम्पत्तिको रूपमा लेखाङ्कन समेत गर्नुपर्दछ ।

६१ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम (७) सँग सम्बन्धित अनुसूची १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट र स्टाफ खर्चको लागि २ प्रतिशत र अन्य सानातिना खर्चको लागि २ प्रतिशत कन्टिन्जेन्सी खर्च गर्न सकिने व्यवस्था छ। पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ। पालिकाले आ.व. २०८१/८२ मा रु.२९७७७९६।- कन्टिन्जेन्सी कट्टा गरी रू.२२५९१८९।- खर्च गरेको छ।पालिकामा सम्बन्धित शिर्षकमा प्रर्याप्त बजेट विनियोजन हुने हुदाँ कन्टेन्जेन्सी बाट खर्च गर्नुपर्ने अवस्था देखिँदैन ।अतिआवश्यक कार्यमा मात्र यस्ता खर्च गरी कन्टिन्जेन्सी खर्चलाई मितव्ययी र नियन्त्रणमुखी बनाउनुपर्दछ ।

६२ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा स्वीकृत बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले रेडक्रस भवन निर्माणको लागि रू. ६७८९९९।- खर्च लेखेको छ। यसरी अन्य निकायको खर्च गर्दा पालिकाको आफ्नो विकास निर्माण सम्बन्धी बजेट व्यवस्थापनमा चाप पर्ने र कार्यालयले प्रदान गर्ने सेवा प्रवाहमा असर पर्ने हुँदा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ। असम्बन्धित निकायको लागि खर्च गरेको अनियमित देखिएको रू

अनियमित भएको	६,७८,९९९

६३ **सम्भावित प्याकेज तयार नगरी कोटेशनबाट खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ अनुसार सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढीको कुनै पनि खरिदको लागि तोकिएबमोजिम लागत अनुमान तयार गर्नुपर्ने, दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु नहुने, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक रु १० करोड भन्दा वढीको खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्ने, सम्भावित प्याकेज तयार गर्नुपर्ने, नियम ३१(१) मा रु.२० लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको निर्माण कार्य, मालसामान, सेवा खरिद वा निर्माण कार्य, गर्नु पर्दा खुला बोलपत्रको माध्यमद्वारा खरिद गर्न सकिने व्यवस्था छ। पालिकाले वार्षिक खरिद योजना बनाई उपयुक्त कार्यमा प्याकेज बनाएर प्रतिस्पर्धा गराई खरिद गर्नुपर्नेमा सो नगरी तथा विनियोजित बजेट र प्रकृति अनुसार सम्भाब्य प्याकेज समेत तयार नगरी लागत अनुमानको हाराहारीमा भुक्तानी दिने गरी टुक्रा टुक्रामा प्याकेज बनाई कोटेशनबाट कार्य गराई खर्च गरेको नियमसम्मत देखिएन । योजनाहरूबाट खरिद सम्झौता गर्दा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४१ तथा नियमावली २०६४ को नियम ८५ को उपनियम १ (क) बमोजिम हुने भनी वडा अध्यक्ष समेतको तोकआदेश तथा राय अनुसार निम्नानुसार कोटेशनबाट खरिद गरेको छ। कोटेशन पश्चात सम्पन्न भएका कार्यहरूको पर्याप्त पुष्ट्याइ गर्ने तस्विर, आधार प्रमाणहरू तथा स्थानीय सरकार संचालन ऐन अनुसारको अनुगमन प्रतिवेदन संलग्न नभएको र केवल वडा अध्यक्षको सिफारिमा भुक्तानी भएको देखिएको छ । यसरी एउटै वडामा प्याकेज तयार गरी गर्न सकिने ढलान, माटो पुर्ने कार्य, सडक मर्मत तथा ग्राभेल, विभिन्न पटक कम्प्युटर प्रिन्टर खरिद लगायतको कार्यहरूको परिमाणहरूको एकमुष्ट लागत अनुमान तयार नगरी विनियोजित बजेटको आधारमा खरिद गरेको भनि ३ वटा निर्माण व्यवसायीको कोटेशन दरभाउपत्र संलग्न गरी लागत अनुमानको हाराहारी सम्झौता गराइ निम्न कार्यको नापी किताब तथा खरिद परिमाण अनुसार भुक्तानी गरेको छ। यसरी खरिद योजना नबनाएको, सम्भावित प्याकेज तयार नगरेको तथा टुक्रे योजना अनुसार

खरिद कार्य गरेकोले मितव्ययी नदेखिएको र प्रतिस्पर्धा सीमित हुने पद्धतिले खरिद कार्य गरेको नियमसम्मत देखिदैन । सम्भावित प्याकेज तयार गरी खरिद व्यवस्थापनमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । यसका केही उदाहरण देहाय अनुसार छन्:

भौ.न.मिति	वापत	भुक्तानी पाउने	भुक्तानी रकम
३५-२०८१-०७-१४	मुमताजको घरदेखी इबरारको घरसम्म बाटो ढलान	शशि एण्ड अकलेश कन्स्ट्रक्सन	४,८४,६८८।
३७-२०८१-०७-१४	गयासुदिन मियाको घर देखी उतर कुलोसम्म अधुरो ढलान	पारसनाथ कन्स्ट्रक्सन	४,७४,६५४।
४२-२०८१-०८-४	श्रीपुर गाउँमा सडक ढलान	आर. एण्ड पी. कन्स्ट्रक्सन	९,७३,०५८।
६५-२०८१-०९-१२	वडा नं. ४ कैलानपुरमा महेन्द्र दासको घरनिर सडक ढलान	सोनाक्षी कन्स्ट्रक्सन	१,९०,४६९।
५९-२०८१-०९-३	रामनाथ चौधरीको घर देखी माझी टोलसम्म नाला निर्माण	पारसनाथ कन्स्ट्रक्सन	४,७५,४१२।
७१-२०८१-०९-२२	भौरीमाईमा ट्रस निर्माण	माता रानी कन्सट्रक्सन	१,९४,८८३।
७४-२०८१-०९-२२	दलित बस्तीमा अधुरो नाला निर्माण	माता रानी कन्सट्रक्सन	३,८६,७७४।
९४-२०८१-११-०४	साविक वडा नं ७ मस्जिद देखी अयुब मियाको घरसम्म पक्की ढलान निर्माण	माता रानी कन्सट्रक्सन	३,८१,०८३।
७२-२०८१-०९-२२	कल्याणपुर टोलमा मंदिर देखि तपसी ओझैयाको घर सम्म नाला तथा ढलान	ओम शान्ति निर्माण सेवा	३,६९,५६२।
७३-२०८१-०९-२२	मोती सहनीको घरदेखी शिवकुमार महतोको खेतसम्म नाला निर्माण	सुमित निर्माण सेवा	४,७७,८२७।
८०-२०८१-०९-२४	एकडरवा मन्दिरमा गेट तथा वाल बाउंड्री निर्माण	गौतम निर्माण सेवा	७,७०,५९०।
८९-२०८१-१०-२८	सहदेव राउतको घर देखि जगन राउत को घर सम्म नाला निर्माण	दिब्या एण्ड अंश कन्स्ट्रक्सन	४,८५,५११।
९०-२०८१-१०-२८	अब्दुहक देवानको घर देखी नईम अंसारीको घरसम्म बाटोमा नाला निर्माण	अंकित एण्ड रोशनी कन्स्ट्रक्सन	३,८२,४८९।
१००-२०८१-११-२०	वडा कार्यालय व्यस्थापन तथा ढलान	अमित एण्ड सन्स निर्माण सेवा	७,६८,९७५।
१०६-२०८१-११-२७	वडा भरी माटो पुरी ग्रेभल गर्ने	धोविनी निर्माण सेवा	४,५३,९६९।
१२९-२०८१-१२-२७	लखु राउत कम्करको घर देखी दशरथ राउत कम्करको घरसम्म नाला निर्माण	श्री ओम निमार्ण सेवा	६,६३,९६०।
१४०-२०८२-०१-०४	सम्पूर्ण वडामा ग्रेभल गर्ने	माधुरी निर्माण सेवा	८,७२,४८७।
१४१-२०८२-०१-१०	मैनुदिन रायको घर देखी नदी सम्म नाला निर्माण	नन्दनी निर्माण सेवा	३,८४,१२१।
१७०-२०८२-०२-०७	एकडरवा इमलिया टोलमा नाला तथा सडक ढलान	शुभ आरम्भ निमार्ण सेवा	९,४५,३३५।
१७३-२०८२-०२-०७	वडा नं. ३ कौवाबन टोलमा मंदिर देखि शंकर मुखियाको फर्निचर सम्म ढलान	सिया कन्सट्रकसन	५,४१,५९४।
२१३-२०८२-०३-१६	दोहरीमा रामराजको घर निर कलभर्ट निर्माण	पटेल निर्माण सेवा	४,८४,७४८।
२७३-२०८२-०३-२२	वडा नं. ६ मा मेन रोड देखी शम्भु साहको घरसम्म माटो पुरी ग्रेभल कार्य	सन्नी कन्सट्रक्शन	२,६४,४८०।
२८५-२०८२-०३-२३	श्री ने रा प्रा वि एकडेर्वाको भवन मर्मत तथा रंगरोगन	बिल्डटेक कन्स्ट्रक्सन	२,९३,६४७।

६४ सवारी साधन खरिद

अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान मोटरसाइकल रू. ८९३१३२।÷ खर्च गरेको छ । सवारी साधन तथा भारी उपकरण सञ्चालन सम्बन्धी दीर्घकालीन नीति तर्जुमा गरी सवारी साधन उपयोग गर्नु पर्दछ।

६५ एउटै सप्लायर्सबाट पटक-पटक खरिद

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उप-नियम १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक-पटक गरी एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट रू.१० लाख भन्दा बढिको निर्माण सामग्री वा मालसमाना खरिद गर्न नसकिने व्यवस्था छ। नमूना छनोटको आधारमा स्रेस्ता परीक्षण गर्दा पालिकाले देहायका सप्लायर्सहरूबाट विभिन्न बजेट शिर्षकबाट पटक-पटक गरी रू.२२,४६,५४१ को मसलन्द तथा कार्यालय सामग्री र अन्य सामान खरिद गरी भुक्तानी दिएको नियमसम्मत नभएको रू.

भौ.नं.।मिति	सप्लायर्सको नाम	पान नम्बर	भुक्तानी
१२८-०८१।७।१२	रौनक ट्रेडर्स एण्ड जेनरल स्टोर्स	६१५०३०२५६	९९६५४७
९२५-०८२।३।२०			६००००
७२२-०८२।२।८	एस.के. ट्रेडिङ्ग एण्ड सप्लायर्स	६२२०१०६८५	२८५७२८
७२४९८२।२८			२७४५९
७७१-०८२।२२१			३३७३२०
८३६-०८२।३।२४	एस.के.अटो सर्भिस सेन्टर		२२२२७१
८६५-०८२।३१७			३१७२१६
	जम्मा रकम		**२२४६५४१**

अनियमित भएको	२२,४६,५४१

६६ स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान

श्री रामजानकी प्राथमिक विद्यालय सखुवा प्रसौनी गा.पा. ६ लाई स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान शीर्षकबाट रू. ५५ लाख निकासा दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्:

६६.१ (24-2082-03-19):

कार्यसम्पन्न प्रतिवेदन: सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (३) मा कुनै निर्माण काम सम्पन्न भइसकेपछि त्यसको जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिफिकेशन भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष कार्यसम्पन्न प्रतिवेदन पेश गर्नपर्ने व्यवस्था छ । आ.व. ०८१/०८२ को गाउँ सभाबाट स्वीकृत नेपाल सरकार सशर्त अनुदान बजेट अन्तर्गत स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रमको लागि रु.५५,००,०००। बजेट विनियोजन भएकोमा श्री रामजानकी प्राथमिक विद्यालय सखुवा प्रसौनी गा.पा. ६, एकडर्वाको विद्यालय भवन निर्माण, बाउण्ड्रिवाल तथा शौचालय निर्माण कार्य गर्न विद्यालयसँग मिति २०८२।०२।१३ गते सम्झौता/कार्यदिश भएकोमा निर्माण समितिको निर्णयानुसार विद्यालयबाट ५० प्रतिशत अनुदान रकम माग भई आएको हुँदा विनियोजित बजेटको ५० प्रतिशत रकम नवढने गरी विद्यालयको खातामा निकासा दिएको छ । पालिकाले श्री रामजानकी प्राथमिक विद्यालय सखुवाको खातामा बिल भरपाइ बेगर रू. २७ लाख ५० हजार खर्च लेखेकोमा पहिलो रनिङ वीलको रकम पुकुकाको लागि २०८२।४।१२ मा रू. ४४७८२१२.१२ मूल्यांकन सहित पहिलो किस्ताको रकम फुकुवाको निवेदन दिएको छ । सशर्त अनुदानको रकम संघीय सरकारमा फिर्ता नगरी आ.व. को अन्त्यमा विद्यालयको खातामा रकम निकासा गरेकोमा सम्बन्धित विद्यालयबाट सो कार्यसम्पन्न भएको प्रमाण पेश गर्नु पर्दछ।

६६.२ (33-2082-03-25):

रकम निकासा: गाउँ कार्यपालिकाको २०८२।३।२४ को निर्णय अनुसार आ.व. २०८१।०८२ मा नेपाल सरकार सशर्त अनुदान बजेट अन्तर्गत यस गाउँपालिकामा स्थानीयको साझेदारीमा विद्यालय भवन निर्माण अनुदान कार्यक्रम अन्तर्गत यस कार्यालय र श्री रामजानकी प्राथमिक विद्यालय, सखुवा प्रसौनी गा. पा.- ६, पर्सासँग मिति २०८२।०२।१३ गते सम्झौता।कार्यादेश भई निर्माण कार्य भई रहेकोमा निर्माण समितिको निर्णयानुसार उक्त विद्यालयबाट बाँकी रकम निकासा गरी विद्यालयको खातामा रोक्का राख निवेदन प्राप्त हुन आएकोले भवन निर्माण कार्य भई रहेकोमा दिईएको समय सिमामा कार्य सम्पन्न हुन नसक्ने अवस्था देखिएकोले तर उक्त विद्यालय भवन निर्माण गर्न आवश्यक रहेकोले विद्यालयलाई तीन किस्तामा अनुदान उपलब्ध गराउनु पर्ने व्यवस्था कार्यक्रम कार्यान्वियन कार्यविधि २०८१।०८२ मा भएता पनि उक्त कार्य सोही रकमबाट सम्पन्न गर्न विद्यालयको खातामा रकम निकासा गरी रोक्का राखी निर्माण कार्य अगाडि बढाउने तथा रनिङ्ग बिलको आधारमा रकम फुकुवा गर्ने निर्णय भएको छ । पालिकाले विद्यालयको खातामा रू. २७ लाख ५० हजार रकम निकासा गरी २०८२ साउन २ गते अर्को आदेश नभएसम्मको लागि खाता रोक्का राख्न नेपाल बैंक लिमिटेड बीरगञ्ज शाखामा पत्राचार भएको छ । पालिकाले विद्यालयको खातामा खाता रोक्का रहने गरी बिल भरपाइ बेगर रू. २७ लाख ५० हजार खर्च लेखेको देखिन्छ । सशर्त अनुदानको रकम संघीय सरकारमा फिर्ता नगरी आ.व. को अन्त्यमा विद्यालयको खातामा रकम निकासा गरेकोमा सम्बन्धित विद्यालयबाट सो कार्य भएको आवश्यक बिलभरपाइ सहितको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	२७,५०,०००

६७ **नमुना विद्यालय अनुदान** (28-2082-03-23):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२५ (३) मा कुनै निर्माण काम सम्पन्न भइसकेपछि त्यसको जाँचबुझ गर्ने प्राविधिकले सम्पन्न निर्माण कार्य स्वीकृत ड्रइङ्ग डिजाइन वा स्पेशिफिकेशन भए नभएको जाँच गरी सार्वजनिक निकाय समक्ष कार्यसम्पन्न प्रतिवेदन पेश गर्नपर्ने व्यवस्था छ। केन्द्रबाट छनोट भएका नमुना विद्यालय, विशेष विद्यालयको स्वीकृत गुरुयोजना अनुरुप भौतिक पूर्वाधार विकास तथा प्राविधिक धार तर्फ शैक्षिक सत्र २०७९ बाट कक्षा ९ सञ्चालन गर्ने विद्यालयलाइ ल्याव व्यवस्थापन अनुदान (कक्षा ११-१२ मा विज्ञान विषय सञ्चालनका लागि समेतको लागि नमुना विद्यालयको भौतिक निर्माणको लागि श्री दीप नारायण आदर्श नमूना माध्यमिक विद्यालय, औराहाँ पचगावाँलाई रू. १ करोड निकासा दिएको छ। पालिकाले विद्यालयको खातामा बिल भरपाइ बेगर खर्च लेखेको देखिन्छ। सशर्त अनुदानको रकम संघीय सरकारमा फिर्ता नगरी आ.व. को अन्त्यमा विद्यालयको खातामा रकम भुक्तानी गरेकोमा सम्बन्धित विद्यालयबाट सो कार्य भएको आवश्यक बिलभर्पाइ सहितको कार्य सम्पन्न भएको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,००,००,०००

६८ **जटिलसंरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले भवन, कल्भर्ट, डिप बोरिङ, विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्ः

सि.नं.	विवरण	सम्झौता रकम	भुक्तानी रकम
१	सखुवा प्रसौनी कृषि विद्युतीकरण	८७९७२६६	७८७८४३१
२	वडा नं. ३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण	४१८८२७८.४९	३७६९४२०

६९ **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम** (1-2082-03-25):

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सकिने उल्लेख छ । त्यस्तै दफा ५९ (८) मा उपदफा ७ बमोजिम सम्झौता अन्त्य भएमा सो काम वापत राखिएको पुरै जमानत

जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको पुरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम काम नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नु पर्ने व्यवस्था छ । लागत अनुमान रू. ७७९०६८.८० भएको ने.रा. जनजनति प्रा.वि. सिद्धपुर सियारहीको शौचालय निर्माणको लागि निर्माण व्यवसायी महालक्ष्मी कन्स्ट्रक्सनसँग २०८२। ३।२० सम्ममा कार्यसम्पन्न गर्ने गरी २०८२।३।५ मा सम्झौता भएको छ । खरिद सम्झौतामा भएको ढिलाइको कारण निर्माण व्यवसायीले रू. ४८०३०१। को मात्र कार्य सम्पन्न गरेको छ । पालिकाले योजना सम्झौता गर्दा कार्य सम्पन्न हुने नहुने पूर्वानुमान गरेर मात्र योजना सम्झौता गर्ने र खरिद सम्झौता अनुसार निर्धारित समयमा कार्य सम्पन्न नगर्ने निर्माण व्यवसायीलाई कानून अनुसार कार्यवाही गर्नु पर्दछ।

७० टावर लाइट

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) मा सार्वजनिक निकायको प्रमुखले कुनै मालसामान खरिद गर्नु अधि स्पेशिफिकेशन, विशेष आवश्यकता तथा अन्य विवरण तयार गर्नु गराउनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी नियम ११ मा लागत अनुमान तयार गर्दा स्थानीय बजारका प्रचलित दरभाउ अघिल्ला वर्षहरूमा सोही प्रकृतिको सामान खरिद गर्दा लागेको वास्ताविक लागत, उद्योग वाणिज्य संघले निर्धारण गरेको दररेट, जिल्ला दररेट लगायतका कुरालाई आधार लिने भनिएको छ। पालिकाले विभिन्न वडामा टावर लाईट तथा स्ट्रीट ला्इट जडान कार्यको लागि देहायका सप्लायर्सहरूबाट खरिद गरी रु.१४,६९,११३ भुक्तानी दिएको छ । पालिकाले उक्त कार्यको लागि रूं २३९०० (मू.अ.कर बाहेक) लागत अनुमान आधार सप्लायर्सबाट प्राप्त दररेटलाई लिएको छ । सेस्ता परीक्षण गर्दा सामानको गुणस्तर परीक्षण सहितको प्राविधिक मूल्याङ्कन संलग्न नगरेकोले टावरलाईटको लागत र गुणस्तर सम्बन्धमा यकिन गर्न सकिएन । पालिकाले सम्बन्धित प्राविधिकबाट Quality and specification को परीक्षण गराई, बढी भुक्तनी भए नभएको सम्बन्धमा यकिन गर्नु पर्दछ।

मिति	वापत	भुक्तानी पाउने	रकम
१५६-२०८२।१।१६	टावर ला्इट जडान कार्य वडा नं. २	एच.पि. कन्स्ट्रकसन	८६२१९०
१७६-२०८२।३।१५	सलेकपुरमा टावरलाईट जडान	अगमा डजिसोल प्रा.लि.	६०६९२३

७१ मूल्यांकन भन्दा बढी भुक्तानी

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बील वा अन्य कुनै बील बीजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।सखुवा प्रसौनी गाउँपालिकाबाट आ.व. २०७५।०७६ मा महुवनदेखि श्रीपुर हुँदै धुसुकपुरसम्मको मुख्या सडक कालोपत्रेको निर्माण व्यवसायी अर्चना कन्ष्ट्रक्सन मूल्यांकन अनुसार देहाय अनुसार बिजक पेश गरेकोमा बिजक भन्दा बढी रू. १२०९३६। बढी भुक्तानी गरेको पाइयो । मूल्यांकन भन्दा बढी भुक्तानी गरेको असुल गर्नुपर्ने रू.

रनिङ बील	रकम	भौ.नं. मिति	भुक्तानी रकम
पहिलो (दोस्रो रनिङ वील तथा टिप्पणीअनुसार)	३२३०९१२.८८		३२३०९१२
दोस्रो रनिङ वील	४४८०१४२.६४	५०-२०७७।११।१७	४०८३६६९
तेस्रो तथा अन्तिम रनिङ वील	५०३२२००.९४	१३४-२०८०।१२।३	४४१६०००
वीजक अनुसार जम्मा रू.	१२७४३२५६.४६	११-२०८१।५।१२	९१९६३६
मूल्यांकन अनुसार जम्मा रू.	१२७२९२८१		१२८५०२१७
बढी रकम भुक्तानी रू.			**१२०९३६**

असुल गर्नुपर्ने	१,२०,९३६

७२ उपभोक्ता समिति मार्फतको कार्य

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनिक निकायमा पेश गर्नुपर्ने एवं सम्पन्न काम कारवाहिको सम्बन्धमा सार्वजनिक खरिद अनुगमन कार्यालयले तोकेको प्रक्रिया बमोजिम तोकेको अवधिभित्र सामाजिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था छ । साथै आयोजनाबाट उपभोक्तामार्फत सञ्चालित योजनामा सो अनुसारको खर्च सार्वजनिक एवं सामाजिक लेखापरीक्षण बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी योजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्नेछ । आयोजनाबाट उपभोक्ता मार्फत सम्पन्न योजनामा सो अनुसारको खर्च सार्वजनिक एवं सामाजिक लेखापरीक्षण र हस्तान्तरण गर्ने कार्य नभएको देखिएकोले सोको कार्यान्वयन हुनु पर्दछ । यसका केही उदाहरण देहाय अनुसार छन्:

भौ.न.मिति	उपभोक्ता समितिको नाम	कार्य	भुक्तानी रकम
३-२०८१-०५-०२	वडा नं. ६ को श्री नहर सडक उ.स	निर्माण कार्य	७,०५,०००।
७-२०८१-०५-११	श्री रामजानकि विद्यालय उ.स	निर्माण कार्य	७,०६,६३५।
१६-२०८१-०६-१३	वडा नं. १ को श्री बेलटेक ढलान उपभोक्ता समिति	निर्माण कार्य	१९,४०,०००।
३२-२०८१-०७-१३	स्वच्छ दोहरी बाटो ढलान उपभोक्ता समिति	निर्माण कार्य	१४,५५,०००।
४३-२०८१-०८-०४	रेडक्रस भवन निर्माण उपभोक्ता समिति	निर्माण कार्य	४,९३,११०।
५१-२०८१-०८-१४	पश्चिम कटैयामा मन्दिर निर्माण उ.स	निर्माण कार्य	६,९०,४५४।
६०-२०८१-०९-०३	श्री अरुणोदय युवा प्राथमिक विद्यालय बलुवा महुवनको कम्पाउण्ड निर्माण	निर्माण कार्य	७,७६,०००।
८८-२०८१-१०-२८	जनसेवा उपभोक्ता समिति	निर्माण कार्य	३,८८,०००।
९८-२०८१-११-१८	श्री मुखी साह तेलीको घरदेखी रामबाबु कलवारको घरसम्म उपभोक्ता समिति	निर्माण कार्य	८,७३,०००।
१०२-२०८१-११-२३	पश्चिम कटैयामा मन्दिर निर्माण	निर्माण कार्य	७,६९,१६०।
११७-२०८१-१२-०६	श्री महाबीर मन्दिर मन्दिर निर्माण उपभोक्ता समिति	निर्माण कार्य	५,०२,११०।
१३२-२०८१-१२-२२	सथवल देखी औराहा जाने कृषि सडकमा माटो पुरी ग्रेभल गर्ने उ स	निर्माण कार्य	१४,५५,०००।
१४५-२०८२-०१-१४	ईलाका प्रहरी कार्यालय पोखरियाको कम्पाउण्ड वाल निर्माण तथा मर्मत उ.स	निर्माण कार्य	१४,५५,०००।
१६२-२०८२-०१-२८	श्रीपुर गाउँको मन्दिरमा वाल बाउंड्री तथा मर्मत उ.स	निर्माण कार्य	१६,००,०००।
१९४-२०८२-०२-२९	धुरेन्द्र ठाकुरको घर देखी थारु टोल जाने बाटो ढलान उ.स	निर्माण कार्य	१९,४०,०००।
२०७-२०८२-०३-१३	श्री रामजानकी मन्दिर निर्माण उपभोक्ता समिति	निर्माण कार्य	४,८५,०००।
२०९-२०८२-०३-१५	पञ्चरत्न महादेव उपभोक्ता समिति	निर्माण कार्य	१०,२२,५४३।
२३२-२०८२-०३-२०	चापाकल जडान उ.स	निर्माण कार्य	१०,२२,५४३।
२-२०८२-०३-२५	वडा नं. २, ४ र ६ मा कृषि विद्युतिकरण उ.स	जडान कार्य	७८,७८,४३१।

७३ **स्वास्थ्य संस्थाको लागि बहुउद्देश्यीय भवन**

लागत अनुमान रू. ४४३३७३२४.०३ को पालिकाको वडा नं. २ मा स्वास्थ्य संस्थाको लागि बहुउद्देश्यीय भवन निर्माण कार्यको लागि २०८२।३।१५ मा कार्य सम्पन्न गर्ने गरी रू. २४९२८५२६.७३ मा स्नेहा वनदेवी जेभीसँग २०८२।२।२८ गते सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्

७३.१ **म्याद थपः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरू उपलब्ध गराए नगराएको जस्ता कुराहरूको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ। पालिकाले म्याद थपको स्पष्ट आधार उल्लेख नगरी म्याद समाप्त भएको मितिबाट २०८२।१२।१५ सम्म म्याद थप गरेको छ । निर्माण व्यवसायीले काममा उल्लेख्य प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन। तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

७३.२ **स्थलगत निरीक्षणः** लेखापरीणको क्रममा पालिकाका प्राविधिक सहित लेखपापरीक्षण टोलीबाट स्थलगत निरीक्षण गर्दा डिपिसी गरी भुई तलामा पिलर र इटाको कार्य मात्र भएको पाईयो । सम्झौता अनुसार यस वर्ष सम्म पहिलो रनिङ वीलको रू. ६३८३९३०।- मात्र भुक्तानी गरेको देखिन्छ । थप गरेको समयावधि समाप्त हुन करिव ७० दिन मात्र बाँकी रहेको अवस्थामा न्यून भौतिक प्रगति गरेको स्थलगत निरीक्षणको क्रमामा दिएकोले निर्धारित समायमा कार्य सम्पन्न गराउन पालिकाले पहल गर्नु पर्दछ।

निर्माणाधीन स्वास्थ्य संस्थाको लागि बहुउद्देश्यीय

७४ **सडक कालोपत्रे**

लागत अनुमान रू. २७१५६८२३.७६ को सखुवा प्रसौनी गापा ४ स्थित करबोलादेखि कैलानपुर हुदै पचगावा बाजारसम्म सडक कालोपत्रे निर्माण कार्यको लागि २०८२।७।३० मा कार्य सम्पन्न गर्ने गरी रू. १६४६६२९९.२४ मा रितेश अनिल जेभीसँग २०८२।१। २५ गते सम्झौता भएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन्:

७४.१ **बीमाः** निर्माण व्यवसायीसँग भएको सम्झौताको बिओक्यू अनुसार पिएस आइटममा बीमा वापत रू. १५००००।- भुक्तानी गर्ने गरी सम्झौता भएको छ । निर्माण व्यवसायले नेशनल इन्सुरेन्स कम्पनी लिमिटेडको रू. ९९९९९.७४ को बीमा वापतको वील पेश गरेको छ । पालिकाले उक्त बिजक समावेश गरेर रू. १५००००।- भुक्तानी गरेको छ । भुक्तानी भएको पि.एस. आइटम बराबरको बीमाको बिजक पेश गर्नु पर्ने अन्यथा असुल गर्नु पर्ने रू.

प्रमाण पेश नगरेको	५०,०००

७४.२ **स्थलगत निरीक्षणः** लेखापरीणको क्रममा पालिकाका प्राविधिक सहित लेखपापरीक्षण टोलीबाट स्थलगत निरीक्षण गर्दा करिव ३५ प्रतिशत मात्र प्रगति भएको प्राविधिकको भनाई रहेको छ । सम्झौता अनुसार २०८२।७।३० भित्र कार्य सम्पन्न हुनु पर्नेमा उक्त

सम्झौताको म्याद २०८२ पुस ३० गते सम्म थप हुँदा समय समेत समाप्त भैसकेको छ । सम्झौता अनुसार यस वर्ष सम्म पहिलो रनिङ वीलको रू. ४३७४२५६।– मात्र भुक्तानी गरेको छ । थप गरेको समयावधि समाप्त भैसकेको अवस्थामा न्यून भौतिक प्रगति गरेको स्थलगत निरीक्षणको क्रमामा देखिएकोले निर्माण व्यवसायीले काममा उल्लेख्य प्रगति नगरेको अवस्थामा पनि नियम सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति लिएर तथा आबश्यक कारबाही गरी कार्य सम्पन्न गराउने तर्फ पालिकाले पहल गर्नु पर्दछ।

७५ **प्रिमिक्स कार्पेटमा बढी भुक्तानी**

७५.१ **ठेक्का नम्बर: SPRM/NCB/WORKS/01/2080-081**: गाउँपालिकाले Construction of Blacktop road from karbola towards kalyanpur to pachgawa bazar, Sakhuwa Parsauni-2 योजनाको कालोपत्रे कार्यको लागि मू.अ. कर समेत रू.२,६९,०१,३५१ को लागत अनुमान तयार गरी ठेक्का आह्वान गरेकोमा निर्माण व्यवसायी रितेश अनिल जे.भी. ले कबोल गरी कार्यसम्पन्न गरेको छ। उक्त कार्यको स्रेस्ता परीक्षण गर्दा पालिकाले ट्याक कोट, प्राइम कोट तथा प्रिमिक्स कार्पेट बराबर क्षेत्रफलमा गरेको देखाएकोमा कार्यसम्पादन प्रतिवेदनमा प्राइम कोट क्षेत्रफल ९४३०.८० व.मि. अनुसार प्रिमिक्स कार्पेटको क्षेत्रफल ०.०३ मिटर गिटीको उचाइ अनुसार २८२.९२ घनमिटर मात्र कायम हुने देखिएकोमा पालिकाले ३७८.६१ घनमिटरको भुक्तानी गरेकोले नापजाँच अनुसार भुक्तानी हुनेभन्दा ९५.६९ घनमिटरको वढी भुक्तानी भएको देखियो। तसर्थ प्रति घनमिटर कबोल रू.१४,००० का दरले ९५.६९ घ.मि. को मू.अ. कर समेत रू.१५,१३,८१६ पालिकालाई बढी व्ययभार पर्ने गरी लागत अनुमान तयार गरि ठेक्का आह्वान गरेकोले यसलाई नियमसम्मत मान्न नसकिएको रू

अनियमित भएको	१५,१३,८१६

७५.२ **ठेक्का नम्बर: SPRM/NCB/WORKS/01/2080-081:** गाउँपालिकाले प्रसौनीदेखी औराहा पचगामा बजारसम्म कालोपत्रे निर्माण कार्यको लागि मू.अ. कर समेत रू.१,६७,७२,८७२ को लागत अनुमान तयार गरी ठेक्का आह्वान गरेकोमा अनिल निर्माण सेवा मिर्जापुर (३००१०७४३४) ले कबोल गरी कार्यसम्पन्न गरेको छ। उक्त कार्यको स्रेस्ता परीक्षण गर्दा पालिकाले ट्याक कोट, प्राइम कोट तथा प्रिमिक्स कार्पेट बराबर क्षेत्रफलमा गरेको देखाएकोमा कार्यसम्पादन प्रतिवेदनमा प्राइम कोट क्षेत्रफल ८९४७.१५ व.मि. अनुसार प्रिमिक्स कार्पेटको क्षेत्रफल ०.०३ मिटर गिटीको उचाइ अनुसार २६८.४१ घनमिटर मात्र कायम हुने देखिएकोमा पालिकाले २९५.६५ घनमिटरको भुक्तानी गरेकोले नापजाँच अनुसार भुक्तानी हुनेभन्दा २७.२४ घनमिटरको वढी भुक्तानी भएको देखियो। तसर्थ प्रति घनमिटर कबोल रू.१२,५०० का दरले २७.२४ घ.मि. को मू.अ. कर समेत रू.३,८४,७६५ पालिकालाई बढी व्ययभार पर्ने गरी लागत अनुमान तयार गरि ठेक्का आह्वान गरेकोले यसलाई नियमसम्मत मान्न नसकिएको रू.

अनियमित भएको	३,८४,७६५

७६ **इट्टाको खरिद मुल्य र प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेटको आधारमा तयार गर्नु पर्ने व्यवस्था छ। यस गाउँपालिकाले भवन निर्माण, पर्खाल निर्माण भवन विभागको नर्म ग-c2 गारो लगाउने काममा इटाको सख्या राख्दा साइज अनुसारको अडकल गरि थपघट गर्न मिल्ने व्यवस्था छ। पालिकामा प्रयोग भएको इटाको साइज नर्म्स भन्दा ठूलो साइजमा (२३*११.५*६.५ से मि) थप १० एम एम मोर्टार समेत गणना गर्दा हुने प्रति घनमिटर ५०० गोटा लाग्नेमा ईट्टाको साईज नहेरी नर्म्समा दिएको प्रति घनमिटर ५३० वटा ईटा लाग्ने गरी लागत अनुमान तयार पारी ३० ईट्टाको थप भुक्तानी हुने गरेको छ। साथै पालिकाबाट संचालित बिभिन्न योजनाहरूमा भने निम्नानुसार उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरी पेश गरेको बिलमा पालिकाबाट दर विष्लेषण गरि तयार पारेको दररेटमा उल्लेखित प्रथम श्रेणीको ईट्टा प्रति गोटा रु १४।० कायम गरेकोमा सो भन्दा कम दरमा खरिद गरेको देखिन्छ। तर पालिकाले विल भुक्तानी गर्दा विलमा उल्लेखित दर अनुसार भुक्तानी दिनुपर्नेमा दररेटमा उल्लेखित दरमानै

भुक्तानी गरेको देखियो। यसरी भुक्तानी गर्दा उपभोक्ता समितिले भुक्तानी गरेको मुल्य अभिवृद्धि कर र परल मुल्य भन्दा बढी भुक्तानी हुन जाने भएकाले उपभोक्ता समितिले तिरेको वास्तविक खरिद मुल्यमानै भुक्तानी गर्ने व्यवस्था हुनुपर्दछ । फरक परेका केहि उदाहण निम्नानुसार रहेका छन्ः

भौ.न. मिति	योजनाको नाम	भुक्तानी दर	खरिद दर	प्रयोग भएको इटा संख्या	फरक रू	मू.अ.कर समेत बढी रकम
गापा पुँजीगत						
१०२-२०८१।११।२३	पश्चिम कटैयामा मन्दिर निर्माण	१४	१०	१३४६२	४.०	५३८४८
११७-२०८१।१२।६	महुवन सन्देश साहको घर अगाडि मन्दिर निर्माण	१४	१०	८७९०	४.०	३५१६०
१८३-२०८२।२।१४	महुवन सन्देश साहको घर अगाडि मन्दिर निर्माण	१४	१०	६७९०	४.०	२७१६०
१७४-२०८२।२।७	वडा नं ४ देवरबानामा दलित समुदायको लागि संसारीमाई मन्दिर निर्माण	१४	१०	५७५१	४.०	२३००४
२०९-२०८२।३।१५	पञ्चरत्न मन्दिरमा वाल बाउंड्री तथा सौन्दर्यकरण	१४	८.८५	५८८०४	५.२	३०२८४०.६
२३१-२०८२।३।१९	मदर्सा इस्लामिया फैजुलको कोठा निर्माण	१४	१०	९९२७	४.०	३९७०८
१४५-२०८२।१।१४	इ.प्र.का पोखरियाको कम्पाउण्डबाल निर्माण तथा मर्मत	१४	१०	७३६५	४.०	२९४६०
राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम						०.००
१-२०८२।३।२५	वडा नं. ३ मा आधारभूत स्वास्थ्य सेवा केन्द्र निर्माण	१४	८.८५	२४६८९	५.२	१२७१४८.३५

७७ **हेण्ड पम्म वितरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहाय अनुसार ह्याण्ड पाइप तथा स्यालो ट्यूवेल जडान गरी रू. ३५२५२७५। भुक्तानी गरेको छ । यसरी हेण्ड पाइप जडान गर्दा उपभोक्ताको घरमा हेण्डपम्प भए नभएको अवस्था खुल्ने गरी कार्यालयमा अभिलेख राखेको पाइएन ।यसले गर्दा वितरण भएको हेण्डपम्मको सदुपयोग सुनिश्चित गर्न सक्ने अवस्था छैन । खानेपानीको स्थायी संरचना निर्माण गरी दिगो र स्वच्छ पानी वितरण गर्ने भन्दा पनि हेण्ड पम्प वितरणमा कार्यालयले बजेटको ठूलो हिस्सा खर्च गर्ने गरेको पाइयो । वितरित हेण्डपम्प उपभोक्ताले प्रयोग तथा जडानको अवस्था र विगतमा यस्तै प्रकारको सेवा सुविधा लिए नलिएको अनुगमन हुनु पर्दछ।

भौ.नं.	मिति	वापत	संख्या	रकम
२३२	२०८२/०३/२०	वडा नं. ५ मा चापाकल जडान	२३	७७६०००
२१४	२०८२/०३/१७	वडा नं. ६ को लागि चापाकल धारा खरिद	१०	१९७२१४
१६३	२०८२/०१/२८	चापाकल धारा खरिद	२०	३९६२२३
१६७	२०८२/०२/०७	सकिना कन्स्ट्रक्सन	८	७६८४५६
१११	२०८१/११/२८	खानेपानी धारा खरिद	४८	८९१५१७
१३७	२०८१/१२/३१	वडा नं. २ मा वितरणको लागि हेन्ड पम्प	२१	३९६४०३
२७७	२०८२।३।२३	चापाकलको मुडा खरिद	१०	९९४६२

७८ **गत आ.व. को दायित्व**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) अनुसार कार्यालयले चालु आर्थिक वर्षको विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था उल्लेख छ । सोही नियमावलीको ३९ (१५) अनुसार दायित्व सिर्जना भई भुक्तानी दिन बाँकी विवरणमा समावेश मध्ये स्वीकृत दरबन्दीको तलब, भत्ता, घर भाडा, सरुवा भ्रमण खर्च, पोषाक, रासन, खाद्यान्न, सिधा, औषधी उपचार खर्च, सेवा निवृत्त सुविधा, स्वीकृत वार्षिक कार्यक्रम अनुसार सम्झौता भएका खर्चहरूमात्र भुक्तानी दिन मिल्ने र उल्लेखित खर्च बाहेक अन्य खर्चको भुक्तानी दिन मिल्ने व्यवस्था छैन। पालिकाले देहायका वडा सचिवहरूलाई भौ.नं.३८-०८१।५।२६ बाट रू.७,८०,००० गत आर्थिक वर्षको खाजा तथा कार्यालय सञ्चालनको लागि बाँकी भुक्तानी दिएको नियम विपरित भएको रू

क्र.सं.	वडा सचिको नाम	वडा नं.	रकम
१	गणेश साह गोठ	५	१८००००
२	चन्द्र किशोर प्रसाद कुर्मी	४	१२००००
३	वृज किशोर प्रसाद	१	१२००००
४	विनय कुमार यादव	६	१२००००
५	विरेन्द्र दहैत थारु	२	१२००००
६	चन्द्र शेखर दास	३	१२००००
	जम्मा रकम		**७८००००**

अनियमित भएको	७,८०,०००

७९ **मिडियालाई भुक्तानी**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६ (क) को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन, २०७४ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली, २०७७ को नियम ६ (क) को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन। गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौले मिति २०७४/४/२३ को पत्रमा सरकारी बिज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नीतिगत व्यवस्था गरेको उल्लेख छ। गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सूचना तथा बिज्ञापनमा छुट दिने गरेको देखिन्छ। पालिकाले सरकारी विज्ञापन प्रकाशन गर्दा सूचनाको

साईज उल्लेख नगर्दा सानो साइजमा छपाई गरेपनि हुने विज्ञापन साइजमा ध्यान नदिएको, सूचना छपाई गर्न कार्यदिश नदिईएको, छुट प्रतिशत लिनको लागि सूचना प्रकाशन गरी दररेट कायम नगरेको र उल्लखित ब्यबस्था बमोजिम छुट दिएको देखिदैन। पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु १२ लाख ६४ हजार खर्च गर्दा उक्त प्रावधानहरूको पालना गरेको देखिएन। पालिकाले यस तर्फ ध्यान दिनुपर्छ।

८० **सवारी साधन मर्मत**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ (१-क२) अनुसार कम्पनीको आधिकारिक मर्मत वा सर्भिस सेन्टरबाट गरिने सवारी साधन, मेसिनरी, औजार, ईलेक्ट्रिक डिभाइसको पाँच लाख रुपैयाँसम्मको मर्मत सम्भार सोझै खरिद गर्न सक्ने व्यवस्था छ। गाउँपालिकाले यो वर्ष सवारी विभिन्न मर्मत तथा सर्भिस सेन्टर र व्यक्तिलाई भुक्तानीको माध्यमबाट सवारी साधन मर्मत अन्तर्गत एम्बुलेन्स मर्मतमा मात्र रू.१२,००,००० र अन्य सवारी साधन मर्मतमा रू.३०,५१,१३२ गरी मर्मतमा कुल रू.४२,५१,१३२ खर्च गरेको छ। पालिकाले यस्तो सवारी मर्मत कार्यको लागि विभिन्न मर्मत तथा सर्भिस सेन्टर, कर्मचारी, कार्यालय सहयोगी तथा व्यक्तिलाई भुक्तानी दिई कार्य गराएको देखिन्छ। पालिकाले फरक फरक नाम भएको तर एउटै पान नम्बर ६२२०१०६८५ भएको एस.के. ट्रेडिङ्ग एण्ड सप्लायर्स र एस.के.अटो सर्भिस सेन्टर बाट नियम ८५ को उप-नियम १(ख) वपरित पटक पटक गरी रू.१० लाख भन्दा बढीको मर्मत कार्य गराएको देखिन्छ। पालिकाले मर्मत सम्बन्धी कार्य मर्मत आदेश फारम मार्फत आवश्यकताको आधारमा नियमानुसर प्रतिस्पर्धात्मक तथा मितव्ययी तवरले मात्र गर्नुपर्दछ।

८१ **जनप्रतिनिधिलाई मोबाईल खरिद**

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ को दफा १४ मा ऐनले निर्धारण गरेको भन्दा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। अर्थात् अनुसूचि (क) मा उल्लेख भएका गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा भन्दा बाहेक अन्य सुविधा पाउने छैन। त्यस्तै कर्मचारीहरूलाई पनि पालिकाले कानुन नबनाई नेपाल सरकार वा प्रदेश सरकारले तोकिएको भन्दा बाहेक थप सुविधा दिन मिल्दैन। जिन्सी शाखाले उपलब्ध गरएको विवरण अनुसार गाउँपालिकाले देहायका पदाधिकारीलागि मोबाईल खरिद गरी भुक्तानी दिएकोले पालकाले यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

क्र.सं.	कर्मचारीको नाम	पद	मोबाईल	मोबाईल पहिचान	खरिद मूल्य
१.	जसवन्त यादव	गा.पा. अध्यक्ष	15 pro 256 gb	Iphone	१९५४००
			V23e8/256	Vivo	४६९९७
२.	शर्मिला बिष्ट महतो	गा.प. उपाध्यक्ष	Nord cez 8/128	One plus	४३९९९
३.	महादेव साह कल्वार	का. सदस्य	Y 281/8/128	Vivo	२६९९९
४.	वासुदेव महतो थारु	वडा अध्यक्ष	6gb/128 gb	RedME Note11	२९०१८
५.	चिरंजिवी प्रासद थारु	वडा अध्यक्ष	6gb/128 gb	RedME Note11	२९०१८
६.	मोजामिल अंसारी	वडा अध्यक्ष	6gb/128 gb	RedME Note11	२९०१८
७.	मो. आरिफ अंसारी	वडा अध्यक्ष	6gb/128 gb	RedME Note11	२९०१८
८.	असेशर प्रसाद यादव	वडा अध्यक्ष	6gb/128 gb	RedME Note11	२९०१८
९.	मुन्ना प्रसाद राउत कम्कर	वडा अध्यक्ष	6gb/128 gb	RedME Note11	२९०१८

८२ **घर भाडा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४ (१) मा सार्वजनिक निकायले घर जग्गा भाडामा लिनु पर्दा क्षेत्रीय वा जिल्लास्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र देहायका कार्यालयको सूचना पाटीमा कम्तीमा सात दिनको अवधिको सूचना टाँस गरी भाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम (११) अनुसार सार्वजनिक निकायले काठमाडौं उपत्यकाबाहिर वार्षिक पाँच लाख

रुपैयाँसम्मको घरजग्गा भाडा तिर्नु पर्ने गरी घरजग्गा भाडामा लिनु परेमा उपनियम (१) बमोजिमको सूचना बमोजिम प्राप्त प्रस्तावमध्ये उपयुक्त प्रस्तावमा सेवा, सुविधा तथा भाडा रकम सम्बन्धमा घर जग्गा धनीसँग सोझै वार्ता गरी घरजग्गा भाडामा लिन सक्ने व्यवस्था छ। पालिकाले उपरोक्त नियम वपरित भाडाको प्रस्ताव माग नगरी कार्यालय प्रायोजनको लागि भाडामा लिई वार्षिक रू. ६,००,००० भुक्तानी दिएको छ। पालिकाले नियमावलीमा भएको व्यवस्था बमोजिम आवश्यकतानुसार मात्र घरजग्गा भाडामा लिनुपर्दछ।

८३ गैर सरकारी संस्था मार्फत कार्य

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९९ मा सोहि ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्नेछ। सार्वजनिक निकायले त्यस्तो काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैर सरकारी संस्थालाई कम्तीमा पन्ध दिनको अवधि दिई सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्नेछ। उल्लेखित शर्तहरू पुरा गरेका प्रस्तावकहरूमध्ये न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावकसँग सम्झौता गरी कार्यदेश दिनुपर्ने व्यवस्था छ। नमुना छनोटको आधारमा परीक्षण गर्दा पालिकाले उल्लेखित नियमको पालना नगरी गैर सरकारी संस्थाहरूबाट सोझै कार्य गराएको देखिन्छ। पालिकाले यो वर्ष गैर सरकारी संस्थाबाट गराएका यस्ता कार्यहरूको केहि उदाहरण देहायनुसार छनः

भौ.न. मिति	संस्थाको नाम	पान नम्बर	कार्य विवरण	रकम
३०६-२०८१/०९/११	कृटिब आईटि सेन्टर	६०८३६११४७	महिलाहरूको सिलाई कटाई तालिम तथा मसिन खरिद	२५००००
४९८-२०८१/११/२८	दलित सामुदायिक विकास केन्द्र	६०५२०७१२९	दलित युवाहरूको नेतृत्व विकास तालिम	२९९४५०
७९१-२०८२/०२/२९	सामुदायिक तालिम केन्द्र	६०९५२९३३१	महिलाहरूको लागि सरसफाई तालिम	४९४९४०
८१८-२०८२/०३/०९	दलित सामुदायिक विकास केन्द्र	६०५२०७१२९	सीपमुलक तथा जनचेतनामुलक कार्यक्रम	४९९५००
८४४-२०८२/०३/१६	आदर्श जनसेवा युवा कल्ब	३०२११४६०१	न्यायिक समिति तथा मेलमिलाप कर्ताहरूको ऐन कानुन तथा क्षमता विकास तालिम	४९८५५०
८९९-२०८२/०३/१७	सूर्योदय शिक्षा विकास केन्द्र प्रा. लि.	६२१२५८९१२	सिलाईकटाई तालिम तथा मसिन वितरण	४९९५००
९४७-०८२।३।२१	सामाजिक संस्था जिल्ला समन्वय समिति	३०१५७९८६७	गाउँपालिकाको तथ्याङ्क संकलन कार्यक्रम	४९७५००
९६२-२०८२/०३/२३	दलित सामुदायिक विकास केन्द्र	६०५२०७१२९	दलितहरूको लागि क्षमता विकास कार्यक्रम	३९८५००
९७३-०८२।३।२३	सामाजिक संस्था जिल्ला समन्वय समिति	३०१५७९८६७	लोक सेवा आयोग कक्षा सञ्चालन	४०००००
१०२१-२०८२/०३/१७	सूर्योदय शिक्षा विकास केन्द्र प्रा. लि.	६२१२५८९१२	वडा नं ४ अन्तर्गत रहेका महिलाहरूका लागि क्षमता विकास तालिम	४९९७५०
९४४-०८२।३।२१	सृजनशिल महिला विकास केन्द्र	१०९५२८०२१	सार्वजनिक सुनवाई तथा सामाजिक परीक्षण कार्यक्रम	२९८३२०

८४ कर्मचारीद्वारा सिकाई तथा जनचेतनामुलक कार्यक्रम

गाउँपालिकाले विभिन्न प्रकारका सिकाई तथा जनचेतनामुलक कार्यक्रमको लागि गैर सरकारी संस्था बाहेक पालिका कर्मचारीहरूलाई भुक्तानी दिई कार्यक्रम सम्पन्न गरेको छ। जनचेतनामुलक तथा सिकाई कार्यक्रम सञ्चालन गर्न संभावित कार्यको सीप दक्षता र ज्ञानको आवश्यकता हुने कार्यक्रम पालिकाका कार्यालय सहयोगी तथा अन्य तलका कर्मचारीद्वारा गराई भुक्तानी दिएको कार्यमा नियन्त्रण हुनुपर्दछ। यसका केहि उदाहरण यस प्रकार छनः

भौ.नं.।मिति	कर्मचारीको नाम	पद	भुक्तानी	कार्य विवरण
१०६५-०८२।३।३२	विनोद प्रसाद यादव	सुब्बा	७५०००००	महिलाहरूको लागि सिलाई कटाई सम्बन्धी ३ महिने तालिम कार्यक्रम
१०६८-०८२।३।३२	दिनेश प्रसाद कुर्मी	कार्यालय सहयोगी	५०००००	महिलाहरूको लागि १५ दिने मैनवती बनाउने तालिम
७३६-०८२।२।१४	मुकेश कुमार कुर्मी	कार्यालय सहयोगी	२०००००	स्थलगत घुम्ती तालिम कार्यक्रम।

८५ **जनप्रतिनिधिलाई योजना छनोट बापत खाजा खर्च**

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ को दफा १४ मा ऐनले निर्धारण गरेको भन्दा बाहेक अन्य सुविधा नपाउने व्यवस्था छ। अर्थात् अनुसूचि (क) मा उल्लेख भएका गाउँपालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा भन्दा बाहेक अन्य सुविधा पाउने छैन। पालिकाले सबै वडालाई सञ्चालन तथा व्यवस्थापन अनुदान मार्फत चिया खाजा वापत मासिक रू.३०,००० वडा सचिवको नाममा निकासा दिएकोमा पुनः योजना छनोट गरे वापत ६ वटा वडाध्यक्षलाई खाजा खर्चको लागि रू.३० हजार भुक्तानी दिएको सम्बन्धित सबैबाट असुल गर्नुपर्ने रू

क्र.सं.	वडाध्यक्षको नाम	वडा नं.	रकम
१.	वासुदेव महतो थारु	१	३००००
२.	चिरंजिवी प्रसाद महतो	२	३००००
३.	मोजामिल अन्सारी	३	३००००
४.	मो. आरिफ अन्सारी	४	३००००
५.	असेश्वर प्रसाद यादव	५	३००००
६.	मुन्न प्रसाद राउत	६	३००००
	जम्मा रकम		**१८००००**

असुल गर्नुपर्ने	१,८०,०००

८६ **वडाध्यक्षलाई उपचार खर्च**

गाउँपालिकाले उपचार खर्च सम्बन्धी कानून नबनाई मिति २०८१।९।१ को कार्यपालिकाबाट निर्णय गरी वडा नं.१ को वडाध्यक्ष श्री बासुदेव महतो थारुलाई मुटुको रोगको उपचार गर्न रू.२,००,००० भुक्तानी दिएको नियमसम्मत नभएको रू

अनियमित भएको	२,००,०००

८७ **पुँजीगतबाट चालु प्रकृतिका खर्च**

पुँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पुँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनोट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनोट गरी पुँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ। यस स्थानीय तहले देहाय अनुसारका पुँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समुह, व्यक्ति लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पुँजीगत शीर्षकबाट भुक्तानी दिएको पाइयो। यस्तो खर्च नियन्त्रण गर्नु पर्दछ ।यसका केही उदाहरण देहाय अनुसार छन् :

भौ.न. मिति	विवरण	रकम
१२६-२०८१/१२/१७	ईनु ट्रेर्डसबाट २ थान हारमोनियम खरिद गरी मन्दिरमा वितरण गरेको	९०४००
१७८-२०८२/०२/०८	चन्देश्वर ट्रेड सप्लायर्स बाट २४ थान कुर्सी र पंखा खरिद गरी देउखाना रामजानकी मन्दिर व्यवस्थापन समितिलाई वितरण गरेको	४२९४०
२००-२०८२/०२/३०	निलम फर्निचर उद्योगबाट फर्निचर सामान खरिद गरी आदिवासी जनजाति समाजलाई वितरण गरेको	६९८६७
२७६-२०८२/०३/२३	पारसनाथ कन्स्ट्रक्सन एण्ड सप्लायर्सबाट भाडा बर्तन खरिद गरी वितरण गरेको	५९८९०

८८ **वडा सञ्चालन खर्च**

अर्थ मन्त्रालयद्वारा मिति २०८१।७।१ मा जारी कार्यसञ्चालन निर्देशिका, २०८१ (नवौँ संस्करण) को परिच्छेद ७ को बुँदा नं. ४७ मा खाजा, खाना खर्चका सम्बन्धमा सम्बन्धित निकायबाट निर्णय भई आएपछि प्रचलनमा रहेका स्वीकृत मापदण्ड (नर्म्स) को आधारमा आवश्यकता, औचित्यता र उपर्युक्तता लगायतका विषय हेरी अर्थ मन्त्रालयको स्वीकृतिमा अतिरिक्त समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजाको सम्बन्धमा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराइएको हुनुपर्ने, खाजा/खाना खर्च प्रदान गर्ने प्रयोजनका लागि अनिवार्य रूपमा विद्युतीय हाजिर प्रणालीबाट प्रमाणित भएको हुनुपर्ने र नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ (दुई) घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा खाना खर्च वापत रू. ६०० दिन सकिने तथा सार्वजनिक विदाको दिन कम्तीमा ४ घण्टा काम गरे बापत खाजा/खाना/आतेजाते खर्चको लागि रू. ८०० दिन सक्ने व्यवस्था छ। पालिकाले वडा सञ्चालन तथा व्यवस्थापन कार्यको लागि मासिक रू.३० हजारका दरले वडा सचिवको नाममा भुक्तानी दिने गरेको छ। स्रेस्ता परीक्षण गर्दा वडालाई आवश्यक हुने मसलन्द सामग्री, फर्निचर लगायत बैठक तथा अनुगमन भत्ता समेत पालिकाबाट खरिद गरी हस्तान्तरण भएको र वडा सञ्चालनको लागि वडा सचिवको नाममा भुक्तानी भएको रकम विभिन्न होटेलको बिजक पेश गरी चिया खाजा तथा खानामा खर्च भएको देखिन्छ। पालिकाले वडा कार्यालयको चिया खाजामा मात्र वार्षिक रू.२१,६०,००० भुक्तानी दिएको छ। अतः पालिकाले यस्तो खर्चमा नियन्त्रण गर्नुका साथै सप्लायर्सलाई भुक्तानी दिनुपर्दछ। पालिकाले देहायका सचिवहरुलाई वडा सञ्चालनको लागि भुक्तानी दिएको छ।

क.सं.	**कर्मचारीको नाम**	**पद**	**मासिक भुक्तानी**	**वार्षिक भुक्तानी**
१.	बृज किशोर प्रसाद	वडा सचिव -१	३००००	३६००००
२.	बिरेन्द्र दहैत थारु	वडा सचिव -२	३००००	३६००००
३.	चन्द्रशेखर थारु	वडा सचिव -३	३००००	३६००००
४.	चन्द्रकिशोर प्रसाद कुर्मी	वडा सचिव -४	३००००	३६००००
५.	गणेश साह गोठ	वडा सचिव -५	३००००	३६००००
६.	विनय कुमार यादव	वडा सचिव -६	३००००	३६००००
	जम्मा रकम		**१८०००००**	**२१६००००**

८९ **प्रमाण पेश नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। नमूना छनोटको आधारमा स्रेस्ता परीक्षण गर्दा देहायका खर्चहरूको प्रमाण पेश नभएको रू

भौ.नं.।मिति	शिर्षक	रकम	कैफियत
७९०-०८२।२।२९	वडा नं.४ का विद्यालयहरूलाई अनुदान	५०००००	विद्यालयहरूको लागि फर्निचर खरिदको लागि निकासा तथा खर्चको प्रमाण पेश नभएको।
९३१-०८२।३।२०	प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि आवश्यक सामग्री	४७४०३५	रोजगार कार्यक्रमको लागि ४५०mm ९००mm ६००mm ह्युम पाइप खरिद गरी भुक्तानी तर कार्यसम्पन्न र नापी तथा मूल्याङ्कन पेश नभएको।
९८७-०८२।३।२४	नागरीक वडापत्रको लागि डिजिटल डिसप्ले जडान	३९२११०	स्रेस्ता पेश नभएको।
	जम्मा रकम	**१३६६१४५**	

प्रमाण पेश नगरेको	१३,६६,१४५

९० ठेक्काको विवरण

निर्माण कार्यको विस्तृत अभिलेखांकनका लागि प्रयोग गरिने ठेक्का सम्बन्धी गोश्वरा लगत (म.ले.प.फा.नं. ५०७) अभिलेख राखिएमा कुल गर्नुपर्ने, हालसम्म भएको कामको परिमाण र मूल्य सजिलै जानकारी हुने, कार्य सम्पादन जमानत, पेश्की लिन पेश गरेको बैंक ग्यारेण्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएसन आदिको जानकारी हुने हुन्छ। पालिकाले उक्त प्रयोजनका लागि अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी अद्यावधिक बनाई राख्नुपर्दछ।

९१ इन्धन खर्च

९१.१ **इन्धन:** अर्थ मन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०८१ को बुँदा नं.४८ मा सवारी साधन सुविधा प्राप्त गर्ने कर्मचारीलाई त्यस्तो साधन, मर्मत सुविधा तथा इन्धन उपलब्ध गराउनका लागि विभिन्न समयमा जारी भएका निर्देशिकाहरूसँग सम्बन्धित रहेर सवारी साधन प्रयोग गर्ने व्यक्तिलाई सोही अनुसार विभिन्न परिमाणमा इन्धन उपलव्ध गर्न सकिने व्यवस्था छ। पालिकाको स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) परीक्षण गर्दा पालिकाले जनप्रतिनिधि, कार्यालय प्रायोजन, एम्बुलेन्स र अन्य प्रायोजनमा गरी बर्षभरीमा कुल रू.७२,७५,८२० इन्धनमा खर्च गरेको देखिन्छ। सवारी साधन प्रयोग गर्ने पदाधिकारीहरूले प्रयोग गरेको इन्धनको अभिलेख, कर्मचारीहरूले प्रयोग गरेको इन्धनको अभिलेख र पालिकासँग भएको हेभी मेशिन तथा साधनको प्रयोग, अवधि र उक्त मेशिनहरूले खपत गर्ने इन्धनको मापदण्ड समेत नबनाएकोले इन्धन खपतको वस्तुगत परीक्षण गर्न सकिने अवस्था देखिएन। पालिकाले इन्धन खर्चको कानूनी रुपमा अभिलेख नराखि भुक्तानी दिनु उचित होइन। इन्धन खपत सम्बन्धमा Public Asset Management System (PAMS) को पुर्ण रुपमा प्रयोग गरी इन्धन खर्चको व्यवस्थित अभिलेखाङ्कन गरी इन्धन खर्चलाई मापदण्डमा आधारित बनाउनु पर्दछ। पालिकाले इन्धनको लागि छुट्याएको शिर्षक बाहेक थप कति रकम इन्धनमा भुक्तानी भएको हो यकिन हुन सकेन। पालिकाको सूत्र प्रणालीबाट यो वर्ष इन्धनमा भएको खर्चको विवरण देहायनुसार खर्च गरेको छः

क्र.सं.	शिर्षक	भुक्तानी रकम
१.	पदाधिकारी	१२०००००
२.	कार्यालय प्रायोजन	४८९५२२८
३.	एम्बुलेन्स	७८०५९२
४.	अन्य प्रयोजन	४०००००
	जम्मा रकम	**७२७५८२०**

९१.२ **जनप्रतिनिधिको इन्धन खर्च:** मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७७ अनुसूचि (क-१) मा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा वडाध्यक्षको लागि इन्धन सम्बन्धी व्यवस्था रहेको छ। ऐन अनुसार अध्यक्ष, उपाध्यक्ष र वडाध्यक्षलाई सवारी सुविधा उपलब्ध गराउन सक्ने तर निजहरूले यातायात सुविधा नगदै बुझेको हकमा इन्धन दिन नमिल्ने व्यवस्था छ। पालिकाले पालिका अध्यक्ष बाहेक सबैलाई यातायात वापत नगद दिने गरेको छ। तसर्थ, अध्यक्षलाई मात्र

नियमानुसार मासिक १०० लिटर अर्थात वार्षिक १२०० लिटर इन्धन औषत रू.१७० का दरले जम्मा रू. २,०४,००० भुक्तानी दिनुपर्नेमा जनप्रतिनिधिमा मात्र रू.१२,००,००० खर्च लेखेको छ। पालिकाले नियमानुसार तोकेको परिमाणको आधारमा मात्र इन्धनमा भुक्तानी दिनुपर्दछ।

९२ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः

केन्द्रीय तथा प्रदेश अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
२०२८०१०२७	३८५७५८२	१.९०

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.९० प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

९३ **राजस्व र आन्तरिक आय**

संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकार क्षेत्रभित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्नेछन् भनी नेपालको संविधानको धारा ६० ले व्यवस्था गरेको छ भने अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय सरकारका राजस्वका अधिकारमा सम्पत्ति कर, घरबहाल कर, भूमिकर (मालपोत), व्यवसाय कर लगायत अन्य कर, शुल्क र दस्तुर सम्बन्धी व्यवस्था गरेको छ। उक्त व्यवस्था वमोजिमका आय तथा सखुवा प्रसौनी गाउँपालिकाले आर्थिक ऐन, २०८१ बनाई कार्यान्वयन गरेको सन्दर्भमा आन्तरिक आय सम्बन्धी देखिएको व्यहोराहरू निम्नानुसार रहेका छन:

९३.१ **आय ठेक्काको राजस्व बाँकीः** सरकारी ठेक्का बन्दोवस्ती ऐन, २०२० को दफा २७ (१) बमोजिम कुनै ठेकेदारले आफूले गरेको कबुलियत बमोजिम काम नगरेमा वा ठेक्काको अवधि भुक्तान हुनुभन्दा अगावै ठेक्का छोडे वा तोडेमा त्यसबाट नेपाल सरकारलाई भएको नोक्सानी र नेपाल सरकारले ठेकेदारबाट लिनु पर्ने बाँकी र त्यसको दश प्रतिशत ब्याज समेत सो ठेकेदारले राखेको डिपोजिटबाट असुल नभए निज र निजको जमानी हुने व्यक्तिबाट कानून बमोजिम असुल उपर गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रमा रहेको लखनपुर पोखरी २०८०/०२/१६ देखि ५ वर्षको लागि रु १२५५००० मा कबोल भई बार्षिक रु २५१००० किस्ता बुझाउने गरी वकिल मिया धोबीसँग सम्झौता भएको छ। तथा अघिल्लो आर्थिक वर्षमा उठ्न बाँकी राजस्व महालेखा परीक्षकको अन्तिम लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भईसकेको देखिन्छ। र यस चालु आ व २०८१।८२ मा पनि बुझाउनुपर्ने किस्ता रकम रु २५१००० बुझाउन बाँकी नै देखिन्छ। अत: निज वकिल मिया धोबीसंग असुल गर्नुपर्ने बाँकी देखिएको रु

असुल गर्नुपर्ने	२,५१,०००

९३.२ **व्यवसाय कर:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय रजिष्ट्रेशन दस्तुर तथा ब्यबसाय करबाट रु २५५०० मात्र सङ्कलन गरेको देखिन्छ । पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन।उद्योग ब्यबसायको लगत राखी दर्ता हुन बाँकी रहेका ब्यवसायलाई दर्ता गर्न प्रोत्साहन गरी ब्यवसाय कर संकलनमा वृद्धि गरी आन्तरिक आय वृद्धी गर्नुपर्दछ।

९३.३ **घर जग्गा बहाल करः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ अनुसार पालिका क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्था वा निकायले घर पसल ग्यारेज गोदाम टहरा सेड कारखाना जग्गा वा पोखरी पूरै वा आशिंक रुपमा बहालमा दिएमा बहाल लागेको रकममा घर जग्गा बहाल कर लगाइने व्यवस्था रहेको छ । पालिकाले बहाल कर बापत यस वर्ष रु. 222764.५ उठाएको देखिन्छ। पालिकाले

वहाल कर सम्बन्धमा घर सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा सो गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

९३.४ **सम्पत्ति करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५ अनुसार पालिकाको अधिकारक्षेत्र कुनै पनि व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर वा जग्गाको एकिकृत रुपमा हिसाव गरी एकिकृत सम्पत्ती वा घरजग्गा कर लगाइने व्यवस्था रहेको छ । पालिकाले यस वर्ष भूमि तथा मालपोत कर वापत रु ७६३६७६.३ उठाएको देखिन्छ भने सम्पत्ती कर वापत रु. ३५२५.५० मात्र उठाएको देखिन्छ ।पालिकाले एकिकृत सम्पत्ती कर सम्बन्धमा घर जग्गा सर्वेक्षण गरी तथ्याङ्क अद्यावधिक गरी करको दायरा अभिबृद्धि गर्नुपर्नेमा एकिकृत सम्पत्ती कर प्राणली लागु गरेको पाईएन ।अत नियमानुसार अभिलेख राखी एकिकृत सम्पत्ती कर उठाउने प्रकृयालाई प्रभावकारी बनाउनुपर्दछ।

९३.५ **मनोरन्जन कर:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगीत, थिएटर,मनोरञ्जन प्रदर्शन स्थल, क्यासिनो,ऐतिहासिक स्थलको शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८१।८२ मा पालिकाले मनोरञ्जन कर राजस्व असुली शुन्य देखियो । यस पालीकाको क्षेत्रभित्र उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरि असुल गर्नुपर्दछ ।

९३.६ **सवारी साधन भाडा:** गाउँपालिकामा २ वटा एम्बुलेन्स, १ वटा जे सि बी, १ ट्रायाक्टर, १ वटा सेफ्टी ट्याङ्की र १ ट्रिफर लगायतका सवारी साधन चालु अवस्थामा रहेको देखिन्छ। पालिकाले उल्लेखित सवारीहरू संचालन गरे बापत लगबुक पेश गरेको छैन। लगबुकपेश नभएकोले कुन कुन योजनामा कति समय काम गरेको तथा त्यसमा भएको ईन्धन खर्च सम्बन्धमा समेत यकिन हुन सकिएन। पालिकाले ति सवारी साधनहरूबाट तोकेका दरमा राजस्व उठाई आन्तरिक राजस्व थप वृद्धि गर्नुपर्दछ।

९४ ठेक्का आह्वान

पालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम सुचना प्रकाशन भई देहायका ठेक्का बन्दोबस्ती नहुदाँ पालिकालाई न्युनतम ३५०००० राजस्व गुमेको छ। यसरी सूचना प्रकाशन पश्चात पनि ठेक्का बन्दोबस्त हुन नसकी पालिकालाई राजस्व नोक्सान भएको देखिएकोले यसमा कमजोरी गर्ने सम्बन्धितलाई कानुन बमोजिम जिम्मेवार बनाइनुपर्दछ।

क्र सं	ठेक्काको नाम	न्युनतम अंक(रु)	अवधि
१	सार्वजनिक पोखरी एकडेर्वा	३५००००	५ वर्ष

९५ वडागत राजस्व

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यलय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। पालिका वडामा संकलन भएको राजस्व नियमानुसार दाखिला गर्नुपर्नेमा तोकिएको समयमा दाखिला गरेको नदेखिएकाले राजस्व प्रमुखले सम्बन्धितबाट ब्याजसहित असुल उपर गरी निम्नानुसार दाखिला हुनुपर्ने रु

पालिका र वडा	वडा सचिव/कार्यालय प्रमुख	असुली रकम	दाखिला भएको रकम	दाखिला गर्न बाँकी/समयमै दाखिला नगरेकोले जरिवाना तिर्नुपर्ने रु.
वडा २	बिरेन्द्र दहित थारु	७६४७७६.२५	७६४७७६.२५	२८५०२
महुवन स्वास्थ्य चौकी	रवी गुप्ता	९१०६०	८९४१०	१६५०
	जम्मा	**८५५८३६.२५**	**८५४१८६.२५**	**३०१५२**

असुल गर्नुपर्ने	३०,१५२

९६ **आयको अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ४३ लाख ५० हजार प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु. ३८ लाख ५७ हजार अर्थात अनुमान भन्दा ११.३३ प्रतिशत कम आय प्राप्त गरेको छ।

९७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	राजस्व शीर्षक	अनुमान	प्राप्ती	प्राप्ति प्रतिशत
१	सम्पत्ति कर	०	३५२५।५	
२	भूमि/ मालपोत कर	९०००००	७६३६७६।३	८४।८५
३	वहालकर	४०००००	२२२७६४।५	५५।६९
४	कृषि तथापशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	२५०००	५८५५०	२३४।२
५	अन्यकर	८०००००	१७५६७५	२१।९६
६	सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	५०००	९९९००	१९९८
७	अन्यसेवा शुल्क तथा बिक्री	३०००००	८०९२८०	२६९।७६
८	न्यायिक दस्तूर	५०००	३४००	६८
९	परीक्षा शुल्क	३५०००	७०००	२०
१०	अन्य प्रशासनिक सेवा शुल्क	२६००००	१६१०००	६१।९२
११	नक्सापासदस्तुर	९००००	१४९१७ ।१	१६।५७
१२	सिफारिशदस्तुर	५५००००	६४०२६२	११६।४१
१३	व्यक्तिगतघटना दर्ता दस्तुर	३४००००	५३४०५०	१५७।०७
१४	अन्यदस्तुर	४०००००	३३१७८२ ।५	८२।९५
१५	व्यावसायरजिष्ट्रेशन दस्तुर	१००००	२०५००	२०५
१६	जलस्रोतसम्बन्धी अन्य दस्तुर	२०००००	०	०
१७	न्यायिकदण्ड, जरिवाना र जफत	५०००	०	०
१८	प्रशासनिक दण्ड, जरिवाना र जफत	५०००	०	०
१९	अन्यराजस्व	०	६३००	
२०	व्यवसायकर	२००००	५०००	२५
	जम्मा	४३५००००	३८५७५८३	८८।६८

पालिका यस वर्ष रु ३८ लाख ५७ हजार राजश्व आमदानी गरेकोमा राख्नुपर्ने मलेप फारम तथा अभिलेख नराखेको र प्राप्त हुनुपर्ने राजश्व तथा प्राप्त राजश्व सम्बन्धमा परीक्षण भिडान गर्ने आन्तरिक नियन्त्रण नभएकोले हुनु पर्ने राजश्व सम्बन्धमा एकिन हुन सकिएन। तसर्थ मलेपा फारम तथा अभिलेख राखी आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

९८ **प्रधानमन्त्री रोजगार कार्यक्रमतर्फ**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गतका 6 वडा मध्ये 3 वडामा सिद्धपुर २ मुखे धारा देखी बेलटोक सम्म बाटो निर्माण, रामचन्द्र तिमल्सिनाको खेत देखी बेलटोक झोलुङ्गे पुल सम्म बाटो निर्माण, वडा नं १ अन्तर्गत कुलो पैनी तथा नाला मर्मत सरसफाई कार्य लगायतका विभिन्न ५ योजना सञ्चालन गरी यस वर्ष सुचिकृत बेरोजगार व्यक्तिहरू ४३५ मध्ये ६९ जनालाई औसत ७५.७९ दिनले ५२३० दिन रोजगारी उपलव्ध गराई रु ३४९३६४० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना

छनोट गर्दा योजना छनोटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरु निम्मानुसार छन्ः

९८.१ (243-2082-03-24):
कार्यस्थल सुरक्षा सामग्री: आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण, कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत रु १९६०१७ को सुरक्षण सामग्री समयमै खरिद नगरी मिति २०८२।3।२४ गते द युनिभर्सल ट्रेड एण्ड सप्लायर्स, बिरगंजबाट लेबर हेल्मेट १३५ पिस, लेबर बुट १३५ पिस, २००० पिस, लेबर जैकेट १३५ पिस र firstaid kit set ५ सेट खरिद गरेको छ। सो मध्ये कुनै पनि सुरक्षा सामग्री वितरण तथा रोजगार शाखालाई हस्तान्तरण नगरी स्टोरमै मौज्दात रहेको देखिन्छ। लाभग्राहीहरूलाई सुरक्षण सामग्री समयमै वितरण नहुदा लाभन्वित हुनबाट बञ्चित भएको देखिन्छ। पालिकाले तोकिएको समयमै खरिद तथा वितरण गरी लाभग्राहिहरूलाई काममा सहजिकरण तथा लाभान्वित गराउनुपर्दछ। अत सुरक्षा सामग्रीहरू वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,९६,०१७

९८.२ **प्रगति समीक्षा:** प्रधानमन्त्री रोजगार कार्यक्रम निर्देशिका, २०७५ को बुँदा नं ७३(४) मा यस कार्यक्रमबाट भएको उपलब्धिको चौमासिक तथा वार्षिक समिक्षा गरी सोको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष प्रधानमन्त्री रोजगार कार्यक्रमबाट भएको उपलब्धी प्रगति समिक्षा गरेको पाइएन। पालिकाले आगामी आर्थिक वर्षमा चौमासिक तथा वार्षिक समिक्षा गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्दछ।

९८.३ **सार्वजनिक सुनुवाईः** प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को बुँदा नं ७८ अनुसार वर्षको कम्तिमा एकपटक सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष 5 योजना संचालन गरेकोमा एकपटक पनि सार्वजनिक सुनुवाई गरेको पाइएन। अत : सार्वजनिक सुनुवाई गर्नुपर्दछ।

९९ सामाजिक सुरक्षातर्फ

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन २०७५, सामाजिक सुरक्षा नियमावली २०७६, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति २०७४ र सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यस वर्ष नेपाल सरकारबाट रु. ११ करोड ४२ लाख ६९ हजार निकासा गरेकोमा पालिकाले रु. ११ करोड ४२ लाख ६९ हजार रकम नै खर्च देखाई आर्थिक विवरण पेश गरेको छ। पालिकाले यस सम्बन्धमा यकिन गरी कोलेनिकासँग हिसाब मिलान गर्नुपर्दछ। पालिकाले सामाजिक सुरक्षा भत्ता त्रैमासिक रुपमा बैंक मार्फत वितरण गर्ने गरेको पाइयो। यस सम्बन्धमा देखिएको व्यहोराहरू निम्नानुसार छन्:

९९.१ **सामाजिक सुरक्षा कार्यक्रम संचालनः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ मा स्थानीय तह र बैंक बिच हुने सम्झौताको दफा ६ मा पालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरणसहित बाँकी रकम भए पालिकालाई उपलब्ध गराउनुपर्ने, कुनै लाभग्राहीको लगतकट्टा भएमा लगतकट्टा भएको मिति र पाउने रकम समेतको जानकारी पालिकाले तत्काल बैंकलाई उपलब्ध गराउनुपर्ने र सोको जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको उक्त मिति पछि रकम पालिकामा फिर्ता पठाउने तथा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले पेश गरेको विवरण अनुसार २ वटा बैंक मध्येबाट कृषि विकास बैंकबाट लगत कट्टाको रु ५२३१५ फिर्ता आउने भनी विवरण पेश गरेकोमा र बैंकमा चिठी पनि पठाएको तथा बैंकबाट लगत कट्टाको फिर्ता रकम समेत

पठाएको देखिएन।अत पालिकाले पेश गरेको तथा बैंकबाट आएको लगत कट्टाको फिर्ता रकम कम्तिमा रु ५२३१५ को.ले.नि.काको नाममा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	५२,३१५

९९.२ **अभिलेख राख्नुपर्ने:** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १० मा भत्ता पाउने लाभग्राहीको फोटो सहितको मूल अभिलेख नियमावलीको अनुसूची-३ बमोजिम लक्षित समुह अनुसार छुट्टाछुट्टै अद्यावधिक गरी स्थानीय तह र प्रत्येक वडा कार्यालयमा राख्नुपर्ने व्यस्था छ। सो बमोजिम पालिकाले अभिलेख राखेको देखिएन। साथै सामाजिक सुरक्षा सम्बन्धी सूचनालाई व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली कार्यान्वयनमा ल्याएको छ। उक्त प्रणालीमा सम्बन्धित स्थानीय तहले लाभग्राहीको विवरण प्रविष्टि गरी अद्यावधिक गर्नुपर्दछ। पालिकाले सो प्रणालीमा लाभग्राहीको फोटो सहितको पुरा विवरण अभिलेख राखी अद्यावधिक गरेको देखिएन। यसमा सुधार हुनु पर्दछ।

९९.३ **एक आर्थिक वर्षमा एक पटक पनि रकम नझिकेका लाभग्राहीः** कार्यविधिको दफा २६ (३) मा एक आर्थिक वर्षमा एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले बैंकबाट विवरण प्राप्त गरेको देखिएन। कार्यविधिमा भएको व्यवस्था बमोजिम सेवाप्रदायक बैंकबाट अनुसूची-११ बमोजिमको ढाँचामा विवरण प्राप्त गरी नियमानुसार कार्य गर्नुपर्दछ।

९९.४ **विवरण पेश तथा समीक्षा र सार्वजनिक सुनुवाईः** कार्यविधिको दफा ३१ र ३४ मा भत्ता प्राप्त गर्ने व्यक्तिको विवरण स्थानीय तहले सम्बन्धित गाउँ सभा वा नगर सभामा पेश गर्नुपर्ने र पालिकाले सञ्चालन गरेको कार्यक्रमको चौमासिक वा वार्षिक रुपमा समीक्षा गर्दा सामाजिक सुरक्षा भत्ता कार्यक्रममा भएको निकासा तथा खर्चको पनि समीक्षा गर्नुपर्ने व्यवस्था भएकोमा कार्यविधि बमोजिम भएको देखिएन। साथै स्थानीय तह तथा वडा समितिले प्रचलित कानून बमोजिम सार्वजनिक सुनुवाई गर्दा भत्ता सम्बन्धी विषय समेत समावेश गर्नुपर्ने व्यवस्था भएकोमा सार्वजनिक सुनुवाई भएको देखिएन।

यस पालिकाबाट गत आर्थिक वर्ष २०८०।८१ र आर्थिक वर्ष २०८१।८२ मा देहाय अनुसार देहाय अनुसारका लाभग्राही रहेको देखियो

सि.नं.	लाभग्राही वर्ग	भत्ता दर	२०८०।८१ मा रहेका लाभग्राहीको संख्या	२०८१।८२ मा रहेका लाभग्राहीको संख्या
१	ज्येष्ठ नागरिक ७० वर्ष माथि	४०००	१७३४	१७५५
२	ज्येष्ठ नागरिक दलित	२६६०	२२४	२५८
३	ज्येष्ठ नागरिक एकल महिला	२६६०	१८०	१९०
४	विधवा (आर्थिक सहायता)	२६६०	३१९	३४७
५	पूर्ण अपाङ्ग	३९९०	४२	४७
६	अति अशक्त अपाङ्ग	२१२८	१०५	११६
८	दलित बालबालिका	५३२	३९७	३०५

पालिकाले सामाजिक सुरक्षा वापत आर्थिक वर्ष २०८०।८१ मा लाभग्राहीलाई रु. ११ करोड ११ लाख ९६ हजार खर्च भएकोमा आ.व. २०८१।८२ मा रु. ११ करोड ४२ लाख ६९ हजार खर्च भएको देखिन्छ। गत वर्षको तुलनामा यो वर्ष रु. ३० लाख ७३ हजार

बढी खर्च भएको छ।

९९.५ **एउटै आमाको तीन जनासम्मको सन्तानलाई सामाजिक सुरक्षा भत्ताः** सामाजिक सुरक्षा कार्यविधि, २०७७ बमोजिम एउटा आमाको २ जना सम्मको सन्तानलाई बालबालिका भत्ता पाउने व्यवस्था छ। पालिकाले देहायको एउटै आमाको ३ जनाको सन्तानलाई बालबालिका भत्ता वितरण गरेको छ। यसरी बढी सिफारीस भएकोलाई लगट कट्टा गर्दै कार्यविधि विपरीत बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गरी सो को प्रमाण पेश गर्नुपर्ने रु

वार्ड	मेम्बर नेम	आमाको नाम	बढी रकम
५	१ धुरुप कुमार राम २ भवानी कुमारी ३ रितिका कुमारी राम	रिमा देवी	६३८४

असुल गर्नुपर्ने	६,३८४

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : सखुवा प्रसौनी गाउँपालिका, पर्सा , सखुवा प्रसौनी गाउँपालिका , पर्सा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	राजेश प्रसाद रौनियार	२०८०-६-३०	२०८१-४-३०
कार्यालय प्रमुख	रामबाबु प्रसाद कुशवाहा	२०८१-१०-२१	
लेखा प्रमुख	सुमन कुमार साह	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०१६,०५२	७,६०५,२२८	१७,९१३,१६७	०	०	१३,९७०,१७६
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४०,५०४,६२३
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	०
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४०,५०४,६२३

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३४९००५९४	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३२२४०३८४०	चालु खर्च	३०६८४७०८६
प्रदेश सरकारबाट अनुदान	१६००१०००	पूँजीगत खर्च	१३३७६८४४२
राजश्व बाँडफाँट	१०१६३५९२०	वित्तीय/अन्य व्यवस्था	१४७८२३९८०
आन्तरिक आय	३८५७५८३.०		
अन्य आय	१२८८२३१११		
कुल आय	५७२७२१४५४.०	कुल खर्च	५८८४३९५०८
बाँकी मौज्दात		१९१८२५४०	

अनुसूची - २

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चिततताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।

- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- कतिपय कार्यसम्पन्न भइसकेका शीतभण्डारहरू प्राविधिकरुपले अधुरा भई सञ्चालन तथा उपयोग नभएको र निर्माणाधीन तथा निर्माण भइसकेका शीत भण्डारहरू गुणस्तरीय नदेखिएकोले यसमा सुधार गरी सञ्चालन गर्नुपर्दछ। स्थानीय आवश्यकता विश्लेषण गरी दिगो सञ्चालनको सुनिश्चितता गरेर मात्र शीतभण्डारहरू निर्माण गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।